# लेखापरीक्षण प्रतिवेदन
# बैतडी
## २०७२।७३




# महालेखापरीक्षकको कार्यालय
## काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# प्राक्कथन

नेपालको संविधानले महालेखापरीक्षकलाई संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण गर्ने जिम्मेवारी सुम्पेको छ । महालेखापरीक्षकले संविधान, प्रचलित कानून र लेखापरीक्षणका मान्य सिद्धान्त बमोजिम सार्वजनिक स्रोत साधनको परिचालन, विकास निर्माण एवं सेवा प्रवाहमा रहेका कमी कमजोरी र आर्थिक अनियमितता पहिचान गरी सुधारका लागि सुझावसहित प्रतिवेदन गर्दै आएको छ ।

सार्वजनिक प्रशासनलाई स्वच्छ, निश्पक्ष, पारदर्शी र जवाफदेही बनाई सुशासनको प्रत्याभूति गर्न राज्यका क्रियाकलाप निर्देशित हुने संवैधानिक व्यवस्था छ । जिम्मेवार व्यक्तिले सरकारी आम्दानी वा खर्च गर्दा नियमसम्मत, मितव्ययी, दक्ष, प्रभावकारी र औचित्यपूर्ण तवरले गर्नुपर्ने र आफूले गरेको आर्थिक कारोबारको आन्तरिक जाँच गरी वा गराई ठीक छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने कानूनी व्यवस्था छ । यसबमोजिम आर्थिक कारोबार नभएबाट नै बेरुजू सिर्जना हुने गरेको छ ।

पारदर्शी आर्थिक कारोबारले जवाफदेहिता, विश्वसनियता र आर्थिक अनुशासन कायम राख्न मद्दत पुऱ्याउँदछ । आफ्नो कामप्रतिको निष्ठा, पेशागत इमान्दारिता र जिम्मेवारीको बोध हुन सकेमा मात्र सरकारी आर्थिक कारोबार सुदृढ हुन सक्दछ । यसका निमित्त आर्थिक कारोबार गर्ने कार्यालय, नियमनकारी निकाय तथा सरोकारवाला सवैको ध्यान पुग्नु जरुरी छ । यस क्रममा आन्तरिक नियन्त्रण र लेखापरीक्षणको भूमिका उत्तिकै महत्वपूर्ण रहने हुनाले यसमा पनि प्रभावकारिता ल्याउनुपर्दछ ।

लेखापरीक्षणमा जोखिमको पहिचान गरी कार्यालयको छनौट, योजना/कार्यक्रम तर्जुमा, प्रबेश बैठक, स्थलगतरुपमा परीक्षण गरी प्रमाण सङ्कलन, मस्यौदा उपर छलफल पश्चात् कार्यालयगत रुपमा लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपलव्ध गराइएको छ । कानूनबमोजिम ३५ दिनभित्र फछ्र्यौट नभई बाँकी रहेका ब्यहोरा मिलान गरी प्रतिवेदनमा समावेश गरिएको छ ।

बहुजनहितायको मान्यता अवलम्बन गर्दै प्रतिवेदनमा सहज पहुँच पुऱ्याई सरोकारवालालाई सुसुचित गर्ने उद्देश्यले यो प्रतिवेदन प्रकाशित गरिएको छ । यसबाट आगामी दिनमा संघीय, प्रदेश र स्थानीय तहको जनचासो सम्बोधन गरी प्रतिवेदन गर्न सहयोग मिल्ने विश्वास लिइएको छ । प्रतिवेदन तयार गर्न योगदान पुऱ्याउनु हुने सबैमा कार्यालय आभार व्यक्त गर्दछ । साथै प्रतिवेदनलाई कार्यान्वयनमा ल्याई सरकारी आर्थिक कारोबारमा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न सबै पक्षबाट सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ । यो प्रतिवेदन कार्यालयको वेभसाइट www.oagnep.gov.np मा समेत राखिएको छ ।

# विषय सूची


| सि.नं. | विषय | पृष्ठ |
|---|---|---|
| १. | लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति | १ |
| २. | लेखापरीक्षण र बेरुजूको स्थिति | २ |
| ३. | कार्यालयगत लेखापरीक्षण व्यहोरा | ३ |
| | ३.१. जिल्ला कृषि विकास कार्यालय | ३ |
| | ३.२. खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | ४ |
| | ३.३. डिभिजन सडक कार्यालय | ६ |
| | ३.४. शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय | ९ |
| | ३.५. पाटन नयाँ शहर आयोजना | १० |
| | ३.६. जिल्ला शिक्षा कार्यालय | ११ |
| | ३.७. जिल्ला विकास समितिको कार्यालय | १२ |
| | ३.८. स्थानीय विकास कोषको सचिवालय | १८ |
| | ३.९. जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन | १८ |
| | ३.१०. सिँचाइ विकास डिभिजन | १९ |
| | ३.११. जिल्ला स्वास्थ्य कार्यालय | २० |
| | ३.१२. अस्पताल विकास समिति | २२ |
| ४. | आन्तरिक लेखापरीक्षण | २२ |
| अनुसूची १ : | लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क | २३ |
| अनुसूची २ : | बेरुजूको स्थिति | २५ |
| अनुसूची ३ : | जिल्ला विकास समितिको कार्यालयको आय व्यय विवरण | २६ |
| अनुसूची ४ : | जिम्मेवार पदाधिकारीको नामावली | २७ |

# लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानूनी व्यवस्था :** संविधानको धारा २४१ मा महालेखापरीक्षकले संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र कानुनद्वारा तोकिएका अन्य संस्थाको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी लेखापरीक्षण गर्नु पर्ने व्यवस्था छ । लेखापरीक्षण (संशोधन सहित) ऐन, २०४८ ले महालेखापरीक्षकले लेखापरीक्षण गर्ने निकायको सबै वा कुनै ईकाइ मात्र छनौट गरी आर्थिक कारोबारको विस्तृत वा आंशिक रुपमा परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, प्राप्त तथ्यहरु दर्साउन, त्यसमा आलोचना गर्न र राय सहितको प्रतिवेदन गर्न सक्ने व्यवस्था छ । संविधान, लेखापरीक्षण ऐन र अन्य कानुनद्वारा प्रदत्त व्यवस्था अनुरुप लेखापरीक्षण गरिएको छ ।

२. **उद्देश्य** : सार्वजनिक आर्थिक कारोबारमा स्वच्छता, पारदर्शिता, जवाफदेहिता, विश्वसनियता र अनुशासन प्रबर्धन गराउनु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ । लेखापरीक्षण गर्दा देहायका विषयको परीक्षण एवं विश्लेषणमा केन्द्रित गरिएको छ :

- विनियोजन, राजस्व र धरौटीको लेखा तोकिएको ढाँचामा राखेको र यथार्थ स्थिति चित्रण गरेको,
- स्वीकृत कार्यक्रम, बजेट र अख्तियारीको सीमा भित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्व लगायत समस्त आम्दानी, असूली एवं दाखिला र धरौटी आम्दानी कानुन सम्मत रहेको,
- सरकारी सम्पत्तिको अभिलेख, सुप्रबन्ध र संरक्षणको पर्याप्त व्यवस्था गरेको,
- नगदी, जिन्सी तथा सरकारी सम्पत्ति एवं स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको,
- आर्थिक कारोबार गर्दा प्रचलित कानुनको पालना गरेको एवं पुष्ट्याई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रम अनुसार निर्धारित समय भित्र प्रगति हासिल गरेको,

३. **क्षेत्र** : यस जिल्ला स्थित अनुसूची १ मा उल्लिखित सरकारी कार्यालय र समितिको २०७२।७३ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

४. **पद्धति :** संविधान, लेखापरीक्षण ऐन, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाई) द्वारा प्रतिपादित सिद्धान्त र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षणको क्रममा देहायका मानदण्ड एवं मार्गदर्शन प्रयोग गरिएको छ ।

| | |
|---|---|
| • सरकारी लेखापरीक्षण नीति मानदण्ड,<br>• वित्तीय लेखापरीक्षण मार्गदर्शन,<br>• महालेखापरीक्षकको लेखापरीक्षण सम्बन्धी निर्देशन तथा परिपत्र,<br>• संयुक्त लेखापरीक्षण टोली सम्बन्धी निर्देशन,<br>• गुणस्तर आश्वस्तता निर्देशिका,<br>• आयोजना हिसाबको लेखापरीक्षण मार्गदर्शन,<br>• राजस्व लेखापरीक्षण मार्गदर्शन, | • सार्वजनिक खरिद व्यवस्थाको लेखापरीक्षण मार्गदर्शन,<br>• प्रशासकीय खर्चको लेखापरीक्षण मार्गदर्शन,<br>• जिल्ला विकास समिति लेखापरीक्षण निर्देशिका,<br>• जोखिममा आधारित लेखापरीक्षण निर्देशिका,<br>• लेखापरीक्षकको आचारसंहिता,<br>• सार्वजनिक संस्थाका लेखापरीक्षकको लागि निर्देशन, |

वार्षिक योजना र कार्यक्रमको अधीनमा रही स्थलगत रुपमा लेखापरीक्षण गरी प्रतिवेदन गरिएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धिका लागि कार्यान्वयन चरणमा निरीक्षण, सुपरिवेक्षण तथा आचारसंहिता पालनाको अनुगमन गरी गुणस्तर आश्वस्तताको निमित्त सम्पादित कामको पुनरावलोकन गर्ने गरिएको छ ।

लेखापरीक्षण गरिने निकाय र कारोबारको छनौट गर्दा जोखिम मूल्याङ्कनको आधारमा स्वीकृत योजना र कार्यविधि अबलम्बन गरी अनुसूची १ बमोजिम १२ कार्यालयको विस्तृत र २६ कार्यालयको आन्तरिक लेखापरीक्षण तथा केन्द्रीय आर्थिक विवरणको आधारमा सम्पन्न गरिएकोछ ।

# लेखापरीक्षण र बेरुजूको स्थिति

१. **लेखापरीक्षण :** यस जिल्ला स्थित ३८ सरकारी कार्यालयको बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार समेत रु.४ अर्ब २४ करोड ४५ लाख को लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क अनुसूची १ मा उल्लेख छ।

२. **बेरुजू :** आर्थिक कार्यविधि ऐन, २०५५ अनुसार प्रचलित कानुन बमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजूको रुपमा परिभाषित गरिएको छ।

यस वर्ष १३ कार्यालयको प्रारम्भिक प्रतिवेदनवाट कूल दफा २६५ र रु.६९ करोड ७५ लाख ६९ हजार बेरुजू देखिएकोमा ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउन सम्बन्धित कार्यालयहरुलाई जानकारी गराइएको थियो। प्रतिवेदन अबधिसम्म ११ कार्यालयको प्रतिक्रियाबाट फछ्र्यौट र समायोजनबाट ११७ दफा र रु.१ करोड २९ लाख ७२ हजार मिलान गरी १३ कार्यालयको दफा १४८ र रु.६८ करोड ४५ लाख ९७ हजार बेरुजू बाँकी रहेको छ।

बाँकी बेरुजूमध्ये असुल गर्नुपर्ने रु.१३ करोड १६ लाख २१ हजार, अनियमित रु.४० करोड ३१ लाख १४ हजार र पेश्की रु.१४ करोड ९८ लाख ६३ हजार रहेको छ। यस सम्वन्धि विवरण अनुसूची २ मा उल्लेख छ।

३. **सुझाव :** तोकिएको प्रक्रिया अपनाइ समयमै बेरुजू फछ्र्यौट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हो। प्राप्त अख्तियारी बमोजिम कार्यसञ्चालन गर्ने, जिम्मा लिने, खर्च गर्ने, लेखा राख्ने, बेरुजू फछ्र्यौट गर्ने गराउने, सरकारी नगदी जिन्सी असुल गर्ने गराउने तथा दाखिला गर्ने र सरकारी कामको जिम्मा लिने व्यक्तिलाई कानुनले जिम्मेवार व्यक्ति तोकेको छ। बेरुजू औंल्याइएका कार्यालय र जिम्मेवार पदाधिकारीको नामावली अनुसूची–४ मा दिइएको छ।

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९८ अनुसार असुल गर्नुपर्ने देखिएको बेरुजू जिम्मेवार व्यक्तिबाट समयमै असुल गरी फछ्र्यौट गर्नुपर्दछ।

अनियमित बेरुजूको हकमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २१(२) र नियम १०० (३) बमोजिम सरकारी हानी नोक्सानी भए नभएको यकिन गरी प्रचलित कानुनको रीत पुऱ्याउनुपर्नेमा रीतसम्म नपुगेको तर सरकारी हानी नोक्सानी नभएको अवस्थामा यथेष्ठ प्रमाण र मनासिब कारणसहित नियमित गरेर फछ्र्यौट गर्नुपर्दछ। तर सरकारी नगदी जिन्सीको हानी नोक्सानी भएको अवस्थामा जिम्मेवार व्यक्तिउपर नियमानुसार कारबाहीसहित हानी नोक्सानी भएको रकम असुल गरी अनियमित बेरुजू फछ्र्यौट गर्नुपर्दछ। प्रमाण पेश नभएको अनियमित व्यहोरा सम्बन्धमा प्रमाण कागजात पेश गरी फछ्र्यौट गर्नुपर्दछ।

पेश्की बेरुजू अन्तर्गत म्याद नाघेको पेश्की आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ अनुसार कारबाही गरी र म्याद बाँकी रहेको पेश्कीको हकमा सम्झौता वा कबुलियतनामामा अनुसार फछ्र्यौट गर्नु गराउनुपर्दछ।

# कार्यालयगत लेखापरीक्षण व्यहोरा
## जिल्ला कृषि विकास कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरि आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ। आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा वार्षिक खरिद योजना तयार नगरेको, जिन्सी निरीक्षण प्रतिवेदनको कारबाही पूर्णरुपमा नगरेको, जिन्सी खातामा रहेका केही सामानको मूल्य नखुलाई आम्दानी बाँधेको, मर्मत अभिलेख नराखेको, कार्यालयबाट सञ्चालित कार्यक्रमहरुको अनुगमन मूल्याङ्कन नगरेको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **दरवन्दी र पदपूर्ति** : निजामति सेवा ऐन, २०४९ को दफा ७ अनुसार पदपूर्ति गर्नुपर्ने व्यवस्था रहेकोमा स्वीकृत दरवन्दी ४६ मध्ये बाली संरक्षण अधिकृत १, योजना अधिकृत १, प्रा.स. ५ र ना.प्रा.स. ३ समेत १० दरबन्दी रिक्त रहेको छ । कृषि क्षेत्रको लक्षित सेवाप्रवाह प्रभावित नहुने गरी पदपूर्ति व्यवस्थापन हुन सम्बन्धित निकायको ध्यान जानु जरुरी देखिएको छ ।

३. **खर्च संरचना** : कार्यालयले यो बर्ष १४ बजेट उपशीर्षकमा रु.५ करोड ५५ लाख ७८ हजार खर्च गरेकोमा ५ उपशीर्षकमा तेस्रो चौमासकमा शत प्रतिशत खर्च गरेको छ। कार्यालयले कुल खर्चमध्ये असार महिनामा मात्र ३७.५४ प्रतिशत खर्च गरेको देखियो ।

४. **यर्थाथ खर्च** : स्वीकृत कार्यक्रम अनुसार पारदर्शी तवरले कार्यक्रम सञ्चालन गर्नुपर्नेमा कार्यालयले विभिन्न प्रकारका बीउ बिजन तथा सामग्री निशुल्क वितरण, केही प्रतिशत अनुदान, केही कार्यक्रममा ढुवानी, आदी कार्यमा विभिन्न बजेट शीर्षकहरुमा खर्च लेखेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :

४.१. अधिकांश किसानहरुलाई कृषि सामाग्री तथा औजार वितरण गरेको भर्पाई कम रहेको, भर्पाइहरुमा वितरण परिमाण सच्याई वास्तविकभन्दा बढी परिमाण देखाएको छ जसबाट लक्षित कृषकहरुले वास्तविक रुपमा पाउने कृषि सामाग्री तथा उपकरण पाएको सुनिश्चीत हुन सकिएन ।

४.२. भर्पाई केरमेट, नाम सच्याएको विषयमा थप जानकारी लिन लेखापरीक्षण टोलीले स्थलगत रुपमा देहिमाण्डौं र पाटन सेवा केन्द्रमा गई परीक्षण गर्दा र टेलिफोनबाट सम्पर्क गर्दा कतिपयले तोकेकोभन्दा कम परिमाण लिएको, कतिपयले सामग्री नलिएको र कतिपयले आफ्नो हस्ताक्षर नभएको र कतिपय किसानको नाम नामेसी सम्बन्धित गाउँ विकास समितिमा नरहेको जवाफ प्राप्त भएकोले कार्यालयले खर्च देखाएको सामाग्री तथा बीउ बिजन वास्तविक हो भन्न सकिएन । अतः यी कार्यक्रममा खर्च भएको रकम रु.२७ लाख ४९ हजारको सम्बन्धमा यर्थाथता यकिन गर्न विस्तृत रुपमा छानविन गरी वास्तविक कार्य भएको परिमाणभन्दा बढी देखिएको रकम सामाग्री, बीउ बिजन वितरणको रकम जिम्मेवार व्यक्तिहरुबाट असुल गर्नुपर्ने देखिएको छ ।

४.३. कार्यालय प्रमुखले विभिन्न मितिमा कर्मचारीहरुलाई क्षमता अभिवृद्धि तालिम गरेको जनाई लेखापालको निवेदनको आधारमा सिप विकास तथा गोष्ठी उल्लेख गरी रु.९९,९५०।- खर्च लेखेको छ। २०७२।१२।४ को स्टाफ मिटिङ्गको निर्णय भनी मासिक कर्मचारीको मिटिङ्गलाई गोष्ठी देखाई स्टेशनरी, होटेल बास तथा विविधको बिल समावेश गरी रु.९९,९५०।- खर्चलाई वास्तविक खर्च मान्न सकिएन ।

४.४. कम्प्युटर तालिम वापत रु.१ लाख खर्च लेखेकोमा खर्चको पुष्ट्याइ गर्ने तालिममा मनोनयन गरेको पत्र, तालिममा सहभागी हुन दिइएको आदेश, तालिम समापन पछि तालिम केन्द्रले वितरण गरेको प्रमाण पत्र केही समावेश नभएकोले खर्चको यथार्थता यकिन गर्न सकिएन ।

५. **सोझै खरिद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम रु.१० लाख भन्दा बढीको खरिद बोलपत्रबाट गर्नुपर्नेमा सीधै रु.११ लाख ६५ हजार खरिद गरेकोले अनियमित देखिएको छ । प्रचलित कानुनको परिपालना गरी खरिद कार्यलाई मितव्ययी बनाउनुपर्दछ ।

६. **पोली हाउस वितरण** : कृषकहरुलाई वितरण गर्न ४२ थान खरिद गरेको पोली हाउस निर्माण सेट रु.३९०००।- का दरले रु.१६,३८,०००।- मा खरिद गरी ३९ मात्र किसानलाई हस्तान्तरण गरेको पाईयो तसर्थ ३ पोली हाउस निर्माण सेट को रु.३९,०००।- का दरले रु.१ लाख १७ हजार असुल गर्नुपर्दछ ।

७. **इन्धन खर्च** : कार्यालयले १ सवारी साधनको प्रयोग गर्दा सवारीको लगबुक मिटर बिग्रेको साथै लगबुकमा प्रयोगकर्ताले अधिकांशमा हस्ताक्षर गरेको छैन । साथै प्रयोग गर्नुको कारण समेत खुलेको छैन र यस कारण विभिन्न मितिमा इन्धन खर्च रु.१ लाख ७१ हजार लेख्दा वास्तविक इन्धन खपत भयो भन्न सकिएन । अत: नियमको पालना गरी इन्धन खर्च लेख्नुपर्ने देखियो ।

७.१. इन्धन खर्च बापत रु.१४,००० लेखेको तर समावेश भएको बीलहरुको जोड जम्मा रु.४,७०० को मात्र रहेकोले बढी भुक्तानी रु.९,३०० असुल गर्नुपर्दछ ।

८. **जिन्सी दाखिला** : गाडी नम्बर बा १ भ ६३९६ को लागि खरिद गरिएको रु.२ लाख ९९ हजार स्पेयर पार्टस जिन्सी दाखिला नभएकोले खरिदको प्रमाण पुष्ट्याई भएन ।

९. **सामान वितरण** : बाली विकास कृषि प्रसार अन्तर्गत खरिद गरेको मध्ये कृषकलाई नबाँडेको किटनाशक, सुक्ष्मतत्व र ढुसीनासक औषधिको समेत खर्च लेखेकोमा उक्त नबाँडेको रु.५८,९८०।- असुल गर्नुपर्दछ ।

१०. **बढी भुक्तानी** : ३ कर्मचारीलाई दैनिक भ्रमण भत्ता भुक्तानी गर्दा विद्यमान दररेट भन्दा बढी भुक्तानी गरेको रु.७,७५० निजहरुबाट असुल हुनुपर्दछ ।

११. **भुक्तानीको जानकारी** : मूल्य अभिबृद्धि कर ऐनको दफा ६(क) मा मुल्य अभिबृद्धि कर लाग्ने सामान खरिद गरी मूल्य अभिबृद्धि कर भुक्तानी गर्दा सोको जानकारी आन्तरिक राजस्व कार्यालयलाई दिनुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न १३ पार्टीहरुको बीलवाट मूल्य अभिवृद्धि कर वापत रु.३ लाख ९८ हजार भुक्तानी गरेकोमा सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई जानकारी गराएको छैन ।

## खानेपानी तथा सरसफाई डिभिजन कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्था सम्वन्धमा वार्षिक खरिद योजना तयार नगरेको, खरिद इकाई गठन नगरेको, मर्मत अभिलेख नराखेको र जोखिम रजिष्टर नराखेको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **खर्च संरचना** : स्वीकृत बार्षिक कार्यक्रम बमोजिम तोकिएको चौमासिकमा कार्यक्रम सञ्चालन गर्नुपर्नेमा पूँजीगत खर्चतर्फ तेस्रो चौमासिकमा ७३.०१ प्रतिशत र आषाढ महिनामा मात्र ५९.९९ प्रतिशत खर्च भएको छ । तोकिएका कार्यक्रम समयमा सम्पन्न गर्नुपर्दछ ।

३. **कर्मचारी व्यवस्था** : कार्यालयको स्वीकृत दरबन्दी २३ सवै पूर्ति नभई ४ इन्जिनियर, १ लेखा अधिकृत, १ खा.पा.स.टे. तथा १ महिला कार्यकर्ताको पद रिक्त रहेको छ । दरबन्दी पूर्ति नभएको कारण आयोजनाहरुको लागत अनुमान तयार गर्ने, नियमित अनुगमन गर्ने, नाँपजाँच गरी समयमै कार्य सम्पन्न गर्ने काममा समेत असर परेको छ । रिक्त दरबन्दी समयमै पूर्ति हुनुपर्दछ ।

४. **ठेक्का सम्झौता** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० (३) मा कार्यक्रम सुचारु रुपले कार्यान्वयन गराउन र निर्धारित समय भित्र कार्य सम्पन्न गर्न लागत अनुमान तयार गर्ने, ठेक्का स्वीकृत गर्ने कार्य प्रथम चौमासिकमा समाप्त गरी सक्नु पर्नेमा कार्यालयले यो वर्ष गरेका १२ ठेक्का मध्ये २ दोस्रो चौमासिकमा र १० तेस्रो चौमासिकमा ठेक्का सम्झौता गरेको छ ।

५. **योजनागत पाइप वितरण** : १३ योजनाको विगत ५ वर्षको नापी किताब भिडान गर्दा जिन्सीबाट खर्च लेखेको परिमाण भन्दा कम मात्रा नापी किताबमा जनाएको देखाएको छ । साथै योजनाको मूल लागत अनुसार को कति पाइप चाहिने हो सो समेत भिडान गरेको पाइएन । अत: योजनालाई चाहिने भन्दा बढी खरिद हुने र खर्च देखिने साथै मौज्दातको एकिन समेत नहुने भएकोले वास्तविक भन्दा बढी पाइप खर्च हुने अवस्था देखियो । जिन्सीबाट जम्मा खर्च लेखि योजनामा प्रयोग नभएका ३२,४७१ मिटर पाइपको सम्बन्धमा प्रयोगको सुनिश्चतिता गर्नु पर्दछ ।

६. **योजना सम्पन्न** : प्राप्त विवरण अनुसार जिल्लामा ५ आयोजनाहरु लामो समय देखि सम्पन्न हुन सकेको छैन । योजना पूरा नहुनाले लागत अनुमान बढ्ने भएकोले कार्यालयले समयमा योजना सम्पन्न गर्न आवश्यक कार्य गर्नुपर्दछ ।

७. **लागत अनुमान स्वीकृति** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १४ अनुसार रु.३ करोडसम्म लागत अनुमानको स्वीकृती राजपत्रांकित द्वितीय श्रेणीको कार्यालय प्रमुखबाट हुने व्यवस्था भएकोमा सो भन्दा बढी लागत अनुमान भएका दुई योजनाको लागत अनुमान राजपत्रांकित द्वितीय श्रेणीका कार्यालय प्रमुखबाट स्वीकृत भएको पाइयो । अन्य ११ योजनाको लागत अनुमान स्वीकृत गरेको छैन । अधिकार भन्दा बढीको लागत अनुमान स्वीकृत गर्नेलाई जिम्मोवार बनाउनु पर्दछ ।

८. **बीमा** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा रु.१० लाख भन्दा बढीको निर्माण कार्य गराँउदा निर्माण कार्य, निर्माण सामग्री, उपकरण आदिको हानी नोक्सानी समेटिनेगरी त्रुटी सच्याउने अवधिसम्मको लागि बीमा गराउनु पर्ने व्यवस्था छ । तर कार्यालयले यस वर्ष सम्पन्न गरेको ५ ठेक्काको कार्य गराँउदा बीमा गरेको देखिएन ।

९. **पाइप वितरण** : यस वर्षको २७ आयोजनाहरुमा भएको पाइप खर्चको विवरण र नापी किताबमा चढाइएको विवरण भिडान गर्दा रु.७७ लाख ९३ हजार का पाइप नापी किताबमा नदेखिएको तर आयोजनालाई वितरण गरेको देखिएकोमा ती पाइपको अवस्था खुल्ने प्रमाण लेखापरीक्षणमा पेश भएको छैन । पाइप सम्बन्धित योजनाहरुमा प्रयोग भएको प्रमाण पेश गर्नुपर्दछ ।

१०. **मूल्य समायोजन** : दोस्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजनाको निर्माण व्यवसायीले कार्यतालिका अनुसार काम नगरी म्याद थप भएको छ । म्याद थप गर्दा शुरु सम्झौताको २८ दिन पूर्व देखि कार्य सम्पन्न गर्नुपर्ने दिनसम्मको मूल्य सूचिको आधारमा मूल्य समायोजन रकम भुक्तानी

दिनुपर्नेमा तद अनुसार नगरी यस वर्ष निर्माण व्यवसायीलाई मूल्य समायोजन दिएको छ । आयोजनालाई यस वर्ष तीन अन्तरिम भुक्तानी सर्टिफिकेट मार्फत भुक्तानी दिइएकोमा अन्तरिम भुक्तानी सर्टिफिकेट नं ८ को रु.१,७६,००४ को गणना हिसाब समेत समावेश गरेको छैन । यसरी समयमा कार्य सम्पन्न नगरी पटक पटक म्याद थप अवधिका इन्डेक्सका आधारमा निर्माण व्यवसायीलाई मूल्य समायोजन दिएको रु.५१ लाख ३५ हजार कानुन सम्मत देखिएन ।

११. **पेश्की जमानत** : मटिरियल अन साइट उल्लेख गरी रु.१ करोड ३८ लाख ५७ हजार पेश्की दिएकोमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ बमोजिको अग्रीम पेश्की जमानत लिएको छैन । यसरी अग्रिम भुक्तानी दिंदा बैंक ग्यारेन्टी नलिई खर्च लेखेकोले वार्षिक १० प्रतिशत व्याज सहित उक्त रकम असुल गर्नुपर्दछ ।

१२. **पेश्की कट्टा नगरेको** : निर्माण व्यवसायीलाई निर्माण कार्य सुरु गर्दा २० प्रतिशत र मटिरियल अन साइट उल्लेख गरि पेश्की दिएकोमा पेश्की रकम कट्टा गरेर मात्र मूल्य समायोजन दिनुपर्नेमा सो पेश्की नकटाएकोले बढी भुक्तानी भएको रकम रु.६ लाख ८४ हजार असुल गर्नुपर्दछ ।

१३. **कन्टिन्जेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढाचा अनुसूची १ अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत थप गर्ने व्यवस्था रहेको छ । यो वर्ष कार्यालयले रु.२५ लाख ३३ हजार कन्टिन्जेन्सी खर्च लेखेकोमा सो को योजनागत अद्यावधिक लगत राखेको छैन । यसबाट खर्चको प्रकृति र प्रयोजन यकिन भएन ।

१४. **एकल कोष खाता मौज्दात** : खानेपानी तथा ढल निकास विभागबाट प्राप्त रकम गत बर्षको जिम्मेवारी देखाएको रु.६३ हजार यो बर्ष पनि खर्च नभई एकल कोष खातामा मौज्दात नै देखाएको छ । उक्त रकम सञ्चित कोषमा दाखिला गर्नु पर्दछ ।

## डिभिजन सडक कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्था सम्वन्धमा पुराना सामानको मूल्य कायम नगरी आम्दानी बाँधेको, अनुगमन तथा मूल्याङ्कन गरेको अभिलेख नराखेको, रसिद नियन्त्रण खाता र डोर हाजिरी नियन्त्रण खाता नभएको जस्ता व्यहोरा देखिएका छन् ।

२. **खर्च संरचना** : स्वीकृत बार्षिक कार्यक्रमबमोजिम तोकिएको चौमासिकमा कार्यक्रम सञ्चालन गर्नुपर्नेमा पूँजीगत खर्चतर्फ तेस्रो चौमासिकमा ६२.६८ र आषाढ महिनामा मात्र २७.६३ प्रतिशत खर्च भएको छ । तोकिएका कार्यक्रम समयमा सम्पन्न गर्नुपर्दछ ।

३. **कर्मचारी व्यवस्था** : कार्यालयको स्वीकृत दरबन्दी ३० रहेकोमा २ सब इन्जिनियर, १ सह लेखापाल तथा २ खरिदारको पद रिक्त रहेको छ । दरबन्दी पूर्ति नभएको कारण आयोजनाहरुको लागत अनुमान तयार गर्ने, नियमित अनुगमन गर्ने, नांपजांच गरी समयमै कार्य सम्पन्न गर्ने काममा समेत असर परेको छ । अतः रिक्त दरबन्दी पूर्ति गर्न आवश्यक पहल हुनुपर्दछ ।

४. **पेश्की बाँकी** : १५ निर्माण व्यवसायीलाई रु.५ करोड २९ लाख ५८ हजार र १ व्यक्तिलाई रु.११ लाख २० हजार गरी जम्मा पेश्की रु.५ करोड ४० लाख ७८ हजार वाँकि रहेकोले नियमानुसार असुल फछ्र्यौट हुनुपर्दछ ।

५. **लागत अनुमानको यर्थाथता :** विभिन्न ७ सडक योजनाहरुको लागत अनुमान तयार गर्दा विस्तृत योजना रिपोर्टको आधारमा तयार गर्नुपर्नेमा बिना आधारमा एकमुष्ठ सबै प्रकारको माटो, स्टोन मेसनरी, ग्याबीयन जस्ता धेरै परिमाणको कार्यलाई एकमुष्ठ देखाएको पाइयो । संरचनाहरुको काम समेत कुन कुन चेनेजमा गर्ने खुलाएको छैन ।

६. **फरक चेनेज :** विभिन्न ८ योजनाको लागत अनुमान तयार गरेको चेनेज भन्दा फरक चेनेजमा कार्य गरेको देखाई भुक्तानी लेखेको छ। लागत अनुमान भन्दा फरक चेनेजमा कार्य गर्दा प्राविधिक पुष्ट्याई र भेरिएशन स्वीकृत समेत गरेको छैन । साथै उक्त चेनेजमा पहिले के कस्तो सडक रहेको भन्ने विस्तृत विवरण समेत नभएको अवस्थामा नापी किताबमा एकै पटक नापी गरेको देखाई रु.५ करोड ७० लाख ४० हजार खर्च लेखेकोले उक्त कार्य भयो भन्ने आधार नदेखिएको र दोहोरो समेत पर्न जाने देखिएकोले नियमसंगत मान्न सकिएन । यस्तो कार्य गर्नेलाई जिम्मेवार बनाउनु पर्दछ ।

७. **लागत अनुमान र रनिङ विलको भुक्तानी** : पाटन पंचेश्वर सडकको निर्माण कार्यको विस्तृत आयोजना प्रतिवेदनको आधारमा लागत अनुमान तयार गर्नुपर्नेमा एकमुष्ठ प्रति कि.मि. १२००० घन मि. को दरले तयार गरेको छ। साथै लागत अनुमान तयार गर्दा ३६+००० देखि ५८+००० चेनेजमा कार्य गर्ने उल्लेख गरेको भएतापनि कार्य तालिका मा ३५+००० देखि कार्य गर्ने उल्लेख छ। अतः एक कि.मि. बाटोमा दोहोरो भुक्तानी नहुने गरी अद्ययाबधिक अभिलेख राखेको छैन । साथै नापी गर्दा ० +००० देखि चेनेज देखाएको र कुन बिन्दुलाई ० +००० मानेको सो समेत उल्लेख गरेको छैन। अतः एउटै कार्यमा पटक पटक भुक्तानी हुन जाने देखिन्छ ।

निर्माण व्यवसायीलाई दोस्रो रनिङ बिल र तेस्रो रनिङ बिलमा ३६+६०० चेनेजमा नै स्ट्रक्चरको कार्य देखाएको छ । साथै तेस्रो रनिङ बिलमा पहिलो लेयर नै नराखी दोस्रो लेयर को ग्याबियन कार्य देखाएको छ। एउटै चेनेजमा दुवै बिलमा देखिएकोले १२४.५ घन मि. को परिमाण दोहोरो पर्न सक्ने भएकोले प्राविधिक पुष्ट्याई गर्नुपर्ने अन्यथा उक्त कार्यको प्रति घन मि. रु.७,०००। को दरले हुने रकम रु. ८,७१,५०० असुल गर्नुपर्दछ। चौथो रनिङ बिलमा रु.३ लाख ९९ हजार ग्याबियन कार्यको चेनेज नखुलाएकोले सो लाई वास्तविक कार्य मान्न सकिएन ।

८. **गुणस्तर परीक्षण :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा मालसामान परीक्षण सम्बन्धी व्यवस्था रहेको छ। पाटन पंचेश्वर सडकको ब्लायक टप, नाली, क्रस ड्रेनेज लगायतको कार्य एक निर्माण कम्पनीले गरेकोमा ल्याब टेष्ट लगायतको रिपोर्ट समावेश नगरी विभिन्न कार्यको भुक्तानी भएको रु. १,३५,९१,७७० को परिमाण यकिन गर्न सकिएन ।

९. **सडक सुरक्षा सहायता आयोजना :** भन्सार, आयात शुल्क तथा मूल्य अभिवृद्धि कर वापत रु.५२ लाख ३५ हजार खर्च लेखेकोमा भन्सार कार्यालयको सक्कल बिल समावेश नभएको, व्यवसायीले आपूर्ति गर्नुपर्ने परिमाण नखुलेको र प्राप्त भई जडान भएको सामानको प्रमाण पेश भएको छैन । खर्च पुष्ट्याई प्रमाण पेश गर्नुपर्दछ ।

१०. **पूर्वनिधारित क्षतिपूर्ति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ बमोजिम समयमा कार्य सम्पन्न नगर्ने विभिन्न ६ निर्माण व्यवशायीलाई ठेक्का रकमको प्रतिदिन ०.०५ प्रतिशतले

हुनआउने रु.१,२९,७८,५०८ बराबर पूर्वनिधारित क्षतिपूर्ति लिनुपर्नेमा नलिएकोले सम्बन्धित निर्माण व्यवशायीबाट असुल गनुपर्दछ ।

११. **कार्य सुरु** : पिखेत रवोलीकोलागि एक कम्पनीले २०७२।४।२२ मा सम्झौता गरी २०७२।१२।१६ मा रु.२८ लाख ८१ हजार र मिति २०७२।१२।२१ मा रु.२६ लाख १९ हजार गरी रु.५५ लाख पेश्की खर्च लेखेकोमा लेखापरीक्षण अवधि सम्म कुनै पनि कार्य सुरु गरेको छैन । कार्यालयले कार्य नगर्ने निर्माण व्यवसायीलाई कारबाही गरेको छैन । कार्य नगर्ने निर्माण व्यवसायी लाई जिम्मेवार बनाई संझौता अनुसारको कार्य गराउनु पर्दछ ।

१२. **लागत अनुमान भन्दा फरक** : कार्यालयले ५ ठेक्कामा सिमेन्टको मूल्य जिल्ला दर रेट भन्दा बढी रु. १,०७४।८४ ले कायम गरी लागत अनुमान तयार गरी सोही बमोजम ठेक्का सम्झौता गरिएकोले जिल्ला दर रेट भन्दा बढी कायम हुने रु.३१,१६,३६९ असुल गर्नुपर्दछ । पारिबगर खण्डेश्वरी सडक, दार्चुला को ग्याबियन कार्यमा अदक्ष ज्यामीको प्रति व्यक्ति दिनको परिमाण नर्म्स भन्दा फरक पारी लागत अनुमान तयार गरेकोले बढी भुक्तानी हुने रकम रु.१,१७,२७९ असुल गर्नुपर्दछ ।

१३. **कन्टिन्जेन्सी खर्च** : यस वर्ष कार्यालयले रु.१ करोड ४१ लाख ९५ हजार कन्टिन्जेन्सी खर्च लेखेकोमा अद्यावधिक ठेक्कागत कन्टिन्जेन्सी खर्चको विवरण नराखी बजेट उपशीर्षकगत विवरण मात्र राखेको पाइयो । साथै प्रत्येक योजनाको कन्टिन्जेन्सी खर्च नापी किताबमा जनाउनु पर्नेमा जनाएको छैन । साथै जुन योजनाको लागी खर्च भएको हो सोही योजनामा मात्र खर्च लेख्नुपर्नेमा सो गरेको छैन । योजनासंग असम्बन्धित कर्मचारीको खर्च लेखेको, सवारी साधन मर्मतको आदेश, मर्मत पछि सम्पन्न गरेको प्राविधिक रिपोर्ट पेश नभएको, मष्टरोलको कर्मचारीको डोर हाजिरी नियन्त्रण खाता नरहेकोले वास्तविक काम गर्नेको मात्र भुक्तानी हो होइन यकिन हुन नसकेकोले सम्बन्धित निकायले विस्तृत विश्लेषण गरी वास्तविक खर्चको मात्र भुक्तानी गर्नुपर्दछ ।

१४. **प्रमाण पेश नभएको** : जमाडी गाडमा पुलको काम एक जे.भी.ले गरेकोमा अन्तिम बिल भुक्तानी गर्दा नापी किताबमा संलग्न विवरण अनुसारको परिमाण उल्लेख गरे पनि सो विवरण पेश नभएकोले उक्त भुक्तानी रकम रु.५ लाख ८३ हजारको यर्थाथता यकिन गर्न सकिएन ।

१५. **अधुरो पुल** : यस डिभिजनले दार्चुला जिल्लाको धौलिगाड पुलको लागत कन्टिन्जेन्सी र मूल्य अभिवृद्धि कर बाहेक रु.३ करोड २३ लाख ३३ हजार रहेकोमा रु.२ करोड ५ लाख ८१ हजार कबोल गर्ने निर्माण व्यवसायी संग मिति २०७१।०३।३१ मा संझौता भएको छ। संझौता अनुसार २०७२।७।२ मा सम्पन्न गर्ने उक्त पुलको दक्षिण एवुटमेन्टको हाल्फ साइज तयार गरेको छैन । महाकाली नदी कटानका कारणले उत्तरतर्फ को निजी जग्गा विवादका कारणले पुल निर्माण कार्य अबरुद्ध भएको जनाएको छ ।

१६. **निमार्ण कार्यको गुणस्तर** : डिभिजनले स्पेशिफिकेशन अनुसार गुणस्तरीय निमार्ण कार्य गर्नुपर्नेमा यो बर्ष डिभिजनको ठेक्का नं ३३७१६५३।०७१।७२।६८ अन्तर्गत १८६+००० चेनेजमा बनाएको मोसिनरी वाल करिब ३ मिटर लम्बाई र १० मिटर उचाई भत्केको देखियो । वालको भित्र ढुंगा जोडाईमा सिमेन्ट प्रयोग नगरी लेभल नमिलेको ढुंगा मात्र लगाएकोले संरचना भत्केको छ । कम गुणस्तरको काम गरी नोक्सानी भएको मा छानविन गरी सम्बन्धित पक्षलाई जिम्मेवार बनाई नोक्सानी भएको रकम असुल गर्नुपर्दछ ।

१७. **बोलपत्र टुक्रा गरी खरीद** : कार्यालयबाट प्राप्त विवरण अनुसार यस आर्थिक वर्षमा वर्षातका कारण सडकमा खसेको पहिरो सफा गर्ने र नालि तथा पर्खाल बनाउने कार्यको लागि रु.१९ लाख ३१ हजार टुक्रा गरी खरिद कार्य गरेको छ ।

१८. **स्थलगत अवलोकन** : पाटन पंचेश्वर सडकको ओटासिल कार्य एक निर्माण कम्पनीले गरेकोमा स्थलगत निरीक्षण गर्दा ३+६७० चेनेजमा साइड ड्रेनको उचाई र चौडाइ नापी किताबमा उल्लेख गरेको भन्दा कम परिमाणको पाइयो । त्यसै गरी ३+५७० चेनेजमा सडकको चौडाइ नापी किताब भन्दा फरक रहेको पाइयो । सडकको सब बेसमा माटोको मात्रा बढी देखिएको छ । ओटासिल ठाँउ ठाँउमा पुरेको र सडक छेउ रहेका मेसनरि वाल गुणस्तरीय नभएको पाइयो । अतः कार्यालयले विस्तृत रुपमा कामको परिमाण र गुणस्तर परीक्षण गरी गुणस्तरीय कार्य नगर्ने निर्माण व्यवसायी र प्राविधिकलाई समेत जिम्मेवार बनाई कम काम भएको, कम गुणस्तरीय कार्य गरेको रकम असुल गर्नुपर्दछ ।

## शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली :** कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्था सम्बन्धमा मर्मत अभिलेख नराखेको, रसिद नियन्त्रण खाताको प्रयोग नगरेको, कर्मचारीहरुलाई कार्यविवरण दिएको नदेखिएको, तालुक निकायबाट निरीक्षणमा देखिएका व्यहोरा र सो मा भएका सुधारको विवरण तयार नगरेको, कार्यालयको लक्ष्य हासिल गर्न वाधा पुराउन सक्ने जोखिम पहिचान, विश्लेषण तथा आंकलन गर्ने र समाधानका लागि आवश्यक संयन्त्र वनाउने प्रणाली नभएको जस्ता व्यहोरा देखिएका छन् । ऐन नियममा तोकिएका व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **खर्च संरचना** : स्वीकृत वार्षिक कार्यक्रमबमोजिम तोकिएको चौमासिकमा कार्यक्रम सञ्चालन गर्नुपर्नेमा पूँजीगत खर्चतर्फ तेस्रो चौमासिकमा ७३.९९ प्रतिशत र आषाढमा मात्र ५१.८५ प्रतिशत खर्च भएको छ । तोकिएका कार्यक्रम समयमा सम्पन्न गर्नुपर्दछ ।

३. **पेश्की बाँकी** : मोविलाइजेशन वापत ७ निर्माण व्यवसायीलाई दिइएको पेश्की रु.३ करोड ४ लाख ७६ हजार लेखापरीक्षण अवधि २०७३।१०।०२ सम्म पनि वांकि देखिएकोले नियमानुसार असुल फछ्र्यौट हुनुपर्दछ ।

४. **एज बिल्ट नक्सा नभएको :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा निर्माण कार्य सम्पन्न भए पश्चात् निर्माण व्यवसायीले निर्माण भएबमोजिम एज बिल्ट नक्सा पेश गर्नुपर्नेमा यस वर्ष निर्माण कार्य सम्पन्न भएका २ स्वास्थ्य चौकी भवनको अन्तिम रनिङ बीलसंग सो समावेश भएको पाइएन ।

५. **बीमा :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा दश लाख रुपैया भन्दा बढीको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माणस्थल सुम्पिएको मिति देखि निर्माण सामग्री, मेसिनरी उपकरण लगायत निर्माण कार्यको त्रुटी सच्याउने दायित्वको अवधिमा आफ्नो दायित्व पालन गर्ने क्रममा भएको हानी नोक्सानी समेतको बीमा गराउनु पर्ने व्यवस्था भएकोमा १० निर्माण कार्यहरुमा बीमा नगरेको, बीमाको म्याद थप नगरेको तथा बीमामा सबै पक्ष समावेश गरेको पाइएन । कानुन बमोजिमको कार्य नगर्नेलाई जिम्मेवार बनाउनु पर्दछ ।

६. **पूर्वनिधारित क्षतिपूर्ति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा क्षतिपूर्ति सम्बन्धी व्यवस्था रहेको छ। सो बमोजिम समयमा कार्य सम्पन्न नगर्ने ३ निर्माण व्यवसायीलाई पूर्वनिधारित क्षतिपूर्ति लिंदा ठेक्का रकमको प्रतिदिन ०.०५ प्रतिशतले हर्जाना लिनुपर्नेमा नलिएको रु.७६ लाख ४९ हजार सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्दछ।

७. **बढी भुक्तानी :** यस वर्ष ७ योजनामा लागत अनुमानको तुलनामा बढी काम गरेको नापी देखाई रु.४ लाख ९२ हजार भुक्तानी भएको छ। लागत अनुमान, ड्रइग, डिजाइन भन्दा फरक कार्य गर्नुपर्दा प्राविधिकको प्रतिवेदनको आधारमा अधिकार प्राप्त पदाधिकारीको स्वीकृतिमा मात्र कार्य बढी गराई भुक्तानी गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन।

८. **ल्याब टेष्ट** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा मालसामान परीक्षणको व्यवस्था रहेको छ। दार्चुलाको सडक तथा नाली निर्माण कार्य एक निमाण कम्पनीले गरेकोमा ल्याब टेष्टको बिल र सर्टिफिकेट पेश नगरी भुक्तानी गरेको रु.१५ हजार असुल गर्नुपर्दछ।

९. **धरौटी फिर्ता :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ मा भएको व्यवस्था अनुसार त्रुटी सच्याउने अवधि भित्र प्राविधिकबाट चेकजाँच गरी मूल्याङ्कन गरेर मर्मत संभार गर्नुपर्ने भए सो गराई मात्र धरौटी फिर्ता दिनुपर्नेमा सो अनुसार नगरी रु.२० लाख ५१ हजार फिर्ता दिएको छ। अतः यस प्रकार धरौटी फिर्ता दिनेलाई जिम्मेवार बनाउनु पर्दछ।

१०. **स्थलगत अनुगमन :** गोठालापानी बसपार्क निर्माणको आर.सि.सि.एम २० को कार्य गर्दा २ इन्च भन्दा बढी चर्किएको र चर्किएको स्थानमा डण्डी राखेको देखिएन। उक्त कार्य गर्दा प्रयोग भएको डण्डीको विवरण खुल्न सकेन। साथै फुटपाथमा टुटफुट भएको पाइयो। प्राविधिक परीक्षण गरी वास्तविकता यकिन गर्नु पर्दछ।

## पाटन नयाँ शहर आयोजना

१. **कर्मचारी व्यवस्था :** आयोजनामा १३ दरवन्दी रहेकोमा करार सेवामा ४ रहेको तर स्थायी पदपूर्ति नभएको देखियो। पदपूर्ति नहुंदा आयोजनाको प्राविधिक काम कारबाही शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय, बैतडी बाट भइरहेको छ। यसरी पदपूर्ति नहुंदा आयोजनाको लागत अनुमान तयार गर्ने, नाँपजाँच गर्ने, कार्यसम्पन्न तयार गर्ने जस्ता काममा बाधा पर्ने देखिन्छ। अतः नियमावली अनुसार तत्काल पदपूर्ति गर्नुपर्ने व्यवस्था गरिनुपर्दछ।

२. **चौमासिक खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(१) अनुसार स्वीकृत वार्षिक कार्यक्रम तोकिएको समयमा सन्चालन गर्नुपर्नेमा यो बर्ष एक बजेट उपशिर्षकमा रु.८६ लाख ७८ हजार खर्च गरेकोमा प्रथम चौमासिकमा १३.३३ प्रतिशत, दोस्रो चौमासिकमा १.३९ प्रतिशत र तेस्रो चौमासकमा ८५.२७ प्रतिशत खर्च गरेको छ। सोमध्ये आषाढ महिनामा मात्र ६१.७७ प्रतिशत खर्च गरेको देखियो।

३. **ठेक्का सम्झौता** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० को उपनियम (३) मा कार्यक्रम सुचारु रुपले कार्यान्वयन गराउन र निर्धारित समय भित्र कार्य सम्पन्न गर्न लागत अनुमान तयार गर्ने, ठेक्का स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिमा समाप्त गरी सक्नु पर्नेमा आयोजनाले यस वर्ष ४ ठेक्का सम्झौता तेस्रो चौमासिकमा गरेको छ।

४. **बीमा** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा दश लाख रुपैया भन्दा बढीको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माणस्थल सुम्पिएको मिति देखि निर्माण सामग्री, मेसिनरी उपकरण लगायत निर्माण कार्यको त्रुटी सच्याउने दायित्वको अवधिमा आफ्नो दायित्व पालना गर्ने क्रममा भएको हानी नोक्सानी समेतको बीमा गराउनु पर्नेमा गरेको पाइएन । कानुन बमोजिमको कार्य नगर्नेलाई जिम्मेवार बनाउनुपर्दछ ।

५. **पेश्की बाँकी** : एक निर्माण व्यवसायीलाई गएको मोविलाइजेशन वापतको पेश्की रु.१८ लाख ४६ हजार लेखापरीक्षण अवधिसम्म पनि फछ्र्यौट नभई बाँकी देखिएकोले नियमानुसार फछ्र्यौट हुनुपर्दछ ।

६. **धरौटी र राजस्व** : आयोजनाले धरौटी र राजस्वको छुट्टै श्रेस्ता तयार गरेको छैन । यस आयोजनाको कारोबार शहरी विकास तथा भवन निमांण डिभिजन कार्यालय मार्फत गरेको पाइएकोले छुट्टै श्रेस्ता राख्नुपर्दछ ।

## जिल्ला शिक्षा कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्था सम्बन्धमा मर्मत अभिलेख नराखेको, खरिद योजना नबनाएको, सार्वजनिक खरिद नियमावली, २०६४ अनुरुप स्पेशिफिकेशन तयार नगरेका जस्ता व्यहोरा देखिएका छन् । ऐन नियममा तोकिएका व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **विद्यालयको दरबन्दी तथा मर्ज व्यवस्थापन** : यस जिल्लामा ५४१ विद्यालयमा ८२,५६७ विद्यार्थी अध्यनरत रहेको विवरण प्राप्त भएको छ । विद्यार्थीको अनुपातमा शिक्षक दरबन्दीको मिलान एवं आवश्यकता अनुसार विद्यालय मर्जमा लैजानु पर्दछ । जिल्ला शिक्षा कार्यालयबाट यो वर्ष रु.१ अर्ब १ करोड ६४ लाख ४६ हजार खर्च गरेको हिसाबले प्रति विद्यार्थी लागत रु.१२,३१० खर्च गरेको छ ।

३. **निकासा खर्च अभिलेख** : विद्यालयले चौमासिक तलब निकासाको अभिलेख राख्नुपर्नेमा सो अभिलेख नराखेकोले निकासा रकमलाई व्यवस्थित र यर्थाथ बनाएको पाइएन । विद्यालयहरुले चौमासिक रुपमा निकासा माग गर्ने र सोही माग फारामको आधारमा कार्यालयले निकासा दिने गरेको छ । यसरी दिएको निकासा रकमको विद्यालयगत निकासा खाता राख्नु पर्नेमा निकासा खाता राखेको देखिएन ।

शिक्षकको तलब निकाशा दिंदा विद्यालय प्रशासन शाखाबाट दरबन्दी यकिन गरी निकाशा दिनु पर्नेमा प्रशासन शाखाबाट सिफारिस गरेको देखिएन । एक विद्यालयको माध्यमिक तहमा ४ जना मात्र रहेकोमा ५ जनाको तलब निकाशा भएको पाइयो । यसरी दरबन्दी भन्दा बढी निकासा खर्च लेखेको रु.३ लाख २९ हजार असुल गर्नुपर्दछ ।

४. **भौतिक निर्माण** : कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७२।७३ वमोजिम कार्यालयले विभिन्न विद्यालयहरुलाई नयाँ कक्षा कोठा निर्माण, शौचालय निर्माण, मर्मत सुधारको लागि रकम विद्यालयहरुको खातामा पठाएको छ । उक्त रकमको सम्वन्धमा प्रत्येक किस्तामा प्राविधिकबाट नापी र मूल्याङ्कन गर्नुपर्नेमा नापी किताब, मूल्याङ्कन र कार्यसम्पादन प्रतिवेदन समावेश नगरी रु.१६ करोड १५ लाख ५० हजार खर्च लेखेकको छ ।

५.	**राहत शिक्षक वितरण** : जिल्ला शिक्षा समितिको निर्णय बमोजिम मन्त्रालयले तोकेको कोटाको आधारमा राहत शिक्षकको वितरण गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले निम्नानुसार विद्यालयहरुलाई समितिको निर्णय बेगर राहत वितरण गरेको पाइएकोले उक्त खर्च रकम रु. १ करोड ४६ लाख ८ हजारलाई वास्तविक मान्न सकिएन ।

| विवरण | राहत वितरण | बांडफांड गरेको | फरक बढी | बढी खर्च लेखेको |
|---|---|---|---|---|
| मा.वि. | ११४ | १०० | १४ | ४६०८८०० |
| नि.मा.वि. | १४७ | १०८ | ३९ | ९९९९६०० |
| | | | जम्मा | **१,४६,०८,४००** |

६.	**बढी भुक्तानी** : यस वर्ष ८ शिक्षकलाई तलब भत्ता खर्च लेख्दा रु.२ लाख ५५ हजार बढी भुक्तानी दिएको पाइएकोले पाउने भन्दा बढी भुक्तानी दिनेलाई जिम्मेवार बनाई सम्बन्धितबाट असुल गर्नुपर्दछ ।

७.	**कोटा वितरण** : शिक्षा समितिले तोकेको विद्यायलयमा मात्र सहयोगी कार्यकर्ताको तलब खर्च लेख्नुपर्दछ । कार्यालयले यस वर्ष ३६१ विद्यालयलाई ४१७ कोटा वितरण गरेको छ । समितिले यस वर्षसम्ममा २२८ कोटा मात्र वितरण गरेको निर्णय देखियो । अत: समितिको निर्णय वेगर विभिन्न विद्यालयलाई वितरण गरेको १८९ जनाको तलब खर्च रु. ७९ लाख ३८ हजार अनियमित देखिएको छ ।

८.	**बढी मूल्याङ्कन :** एक विद्यालयको शौचालयको निमार्ण गर्दा ड्रईङ तथा लागत अनुमान भन्दा रु.१६ हजार बढी मूल्याङ्कन गरेको पाइएकोले उक्त परिमाणको प्राविधिक पुस्टयाई हुनुपर्ने अन्यथा उक्त रकम असुल गर्नुपर्दछ ।

९.	**कम मूल्याङ्कन** : यस वर्ष १६ विद्यालयको भौतिक निमार्णको कार्य मूल्याङ्कन तथा कार्यसम्पन्न प्रतिवेदन तयार गरेकोमा विद्यालयले सम्झौता बमोजिमको कार्य नगरेको पाइएकोले कम मूल्याङ्कन गरेको विद्यालयलाई बढी भुक्तानी भएको रु.३ लाख ९६ हजार असुल गर्नुपर्दछ ।

१०.	**स्थलगत अवलोकन** : एक माध्यमिक विद्यालयको ४ कोठे भवनको ड्ङग, लागत अनुमान, नापी किताब भन्दा सानो बनाएको साथै ढलान चर्केको र प्लास्टर फुटेकोले प्रयोगमा समेत नआएको देखियो ।

## जिल्ला विकास समिति

१.	**आन्तरिक नियन्त्रण प्रणाली :** कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्था सम्वन्धमा आयोजनाहरुको लगत व्यवस्थित तवरले नराखेको, उपभोक्ता समितिबाट गरिएका कार्यहरुको अनुगमन तथा मूल्याङ्कन प्रभावकारी नभएको, सञ्चालित योजना सम्पन्न भए पश्चात् सार्वजनिक परीक्षण नगरेको, कर तथा धरौटी कट्टा गरेको रकम तत्काल दाखिला नगरी पछि जोडेर एकमुष्ठ दाखिला गर्ने गरेको, व्यक्तिगत धरौटी खाता नराखेको, डोर हाजिरी नियन्त्रण खाता नराखेको, नापी किताब नियन्त्रण खाता नराखेको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२.	**पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९१(१) मा पेश्की रकम सोही आर्थिक वर्षमा फछ्र्यौट हुन नसकेमा बाँकी रहेको पेश्की नाम नामेसी सहित जिम्मेवारी

सारी फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । यस वर्षको पेश्की वाँकी रु.४ करोड ५५ लाख २ हजार नियमानुसार असुल फछ्र्यौट हुनुपर्दछ ।

३. **चौमासिक र आषाढ महिनाको खर्च** : कार्यालयको नीति र कार्यक्रम बमोजिम योजनावद्ध रूपमा काम सम्पन्न गर्नुपर्नेमा केन्द्रीयतर्फका ६ उपशीर्षकहरूमा भएको कूल पूजिगत खर्च रू.१२,६६,१०,३९१ मध्ये प्रथम चौमासिकमा १.६३ प्रतिशत, दोश्रो चौमासिकमा ३.४५ प्रतिशत र तेश्रो चौमासिकमा ९४.९२ प्रतिशत खर्च भएको देखिन्छ। आषाढ महिनामा मात्र रू.८,७९,४९,९६० (६९.४७ प्रतिशत) खर्च भएको छ । अन्तिम चौमासिक र आषाढ महिनामा ठूलो रकम खर्च गर्दा कामको चापको कारणले पर्याप्त अनुगमन, सुपरीवेक्षण गर्न नसकी कामको गुणस्तरमा समेत असर पर्न नदिन योजनावद्ध रूपमा समयमै कार्यक्रम सञ्चालन गर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

४. **प्रगति वितरण** : कार्यालयबाट आर्थिक वर्ष २०७२।७३ को वार्षीक प्रगति विवरण प्राप्त नभएकोले कार्यक्रमहरूको प्रगति विश्लेषण गर्न सकिएन ।

५. **प्रशासनिक खर्च** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५५ मा जिल्ला विकास समितिले कर, शूल्क, सेवा शूल्क, दस्तूर र भाडावाट उठाएको कूल रकमको रु.४४,८२,२७० को ४० प्रातिशत हुन आउने रु.१७,९२,९०८ प्रशासनिक खर्च गर्न पाउनेमा रु.१०,७२,५९२ बढी खर्च गरेको नियमसंगत देखिएन ।

६. **बक्यौता** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १७२ मा बक्यौता रकम असुल गर्न बक्यौता असुली कार्ययोजना बनाई रकम असुल गर्नुपर्ने, स्थानीय प्रशासन, प्रहरी, नागरिक समाज वा अन्य व्यक्तिको समेत सहयोग लिनसक्ने र सो प्रक्रियाबाट पनि असुल हुन नसकेमा सरकारी बाँकी सरह रकम असुल गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षणमा प्राप्त भएको बक्यौता विवरण अनुसार रु.१६,६१,६३७१५ बक्यौता रहेको देखिन्छ ।

७. **मेसिनरी दर** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (९) मा उपभोक्ता समितिबाट सञ्चालन हुने निर्माण कार्यमा लोडर एक्जाभेटर, डोजर जस्ता हेभि इक्यूपमेन्ट प्रयोग गर्न नसकिने व्यवस्ता भएपनि शुरु लागत अनुमान तयार गर्दा नै यस्ता उपकरण प्रयोग गर्ने गरी दर विश्लेषण गरेको दखियो । २० प्रतिशत म्यानुयल र ८० प्रतिशत मेसिनको आधारमा लागत अनुमान तयार गरेको पाइयो । मेसिनको प्रयोग गरेपछि मेसिनको मात्र लागत अनुमान तयार गरी कार्य गराउनुपर्दछ । यस प्रकार लागत अनुमान तयार गर्दै बढी तयार गरी बढी खर्च देखाएको रकम रु.४ करोड ६७ लाख ३८ हजार असुल गर्नुपर्दछ ।

८. **बढी भुक्तानी** : स्थानीय निकाय आर्थिक प्रशासन नियमवालीको नियम १५५ (५) ग बमोजिम प्राविधिकले लागत अनुमान गर्दा जनसहभागिताको अंशसमेत किटानीसाथ उल्लेख गर्नुपर्नेछ । यस्तो लागत अनुमानको रकममा मूल्य अभिबृद्धि कर, शिरोभार (ओभरहेड) तथा कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरी उपभोक्ता समितिलाई काम दिनु पर्नेमा ४१ योजनामा शिरोभार रकम सहित इन्धनको मुल्य रु.२०.५ बढी लागत तयार गरी सोहि बमोजिमको भुक्तानी भएकोले आयोजनाको बढी भुक्तानी रु.९१ लाख ६९ हजार असुल गर्नुपर्दछ ।

९. **चट्टानको नापी** : कार्यालयले लागत अनुमान तयार गर्दा तथा नापी किताब तयार गर्दा साधारण चट्टान, मध्यम चट्टान र कडा चट्टानलाई प्रतिशतमा देखाएको छ । वास्तविक चट्टानको मात्र विस्तृत

नापी गरी यस प्रकारको खर्च लेख्नु पर्नेमा सो गरेको पाइएन । साथै स्थलगत रुपमा ५ योजनाको परीक्षण गर्दा अधिकांश चेनेजमा चट्टानको नापी देखाएको भएतापनि केही स्थानमा मात्र मध्यम चट्टान र कडा चट्टान देखिएको छ । अतः नापी कार्य वास्तविक रुपमा गरेको देखिएन । साथै कडा चट्टानबाट प्राप्त हुने ढुंगाको आम्दानी रु.७,८४,२८० समेत देखाएको छैन ।

एक सडक मर्मतको माटो काट्ने कार्य अन्तर्गत चट्टानको मात्रा नापी नगरी प्रतिशतको आधारमा परिमाण देखाएको पाइएकोले विस्तृत नापी गरेर मात्र खर्च लेख्नुपर्दछ । सो कार्य गर्दा कडा चट्टान ७६३.२८ घनमिटर रु.४२५ को दरले ५० प्रतिशतले हुने रकम रु.१ लाख ६२ हजार आम्दानी देखाउनुपर्दछ ।

१०. **नक्सा समावेश नभएको** : कार्यालयले योजनाको विस्तृत नापीमा माटो काट्ने कार्यको परिमाण गणना गर्दा औषत क्षेत्रफल देखाएकोमा सोलाई समर्थन गर्ने नक्सा समावेश नगरेकोले उक्त औषत क्षेत्रफलको आधारमा निकालेको परिमाण वास्तविक परिमाण मान्न सकिएन । उक्त परिमाणको वास्तविक रुपमा नाँपजाँच गरी मात्र खर्च लेख्नुपर्ने देखिएकोले खर्च रु.७ करोड ६ लाख ५ हजार यर्थाथ मान्न नसकिएकाले पुनः विस्तृत रुपमा नाँपजाँच गर्नुपर्ने देखियो ।

११. **चेनेज नखुलेको** : विभिन्न ४ सडक योजनाहरुमा चेनेज उल्लेख नगरी रु.५३ लाख ३७ हजार खर्च गरेको छ । अन्यको हकमा उल्लेख गरेकोमा पनि कुन स्थानलाई ०+००० मानेको हो समेत नखुलाएकोले पटक पटक एउटै योजनामा दोहोरो खर्च हुने र अन्य निकायले गरेको कार्यमा समेत दोहोरो पर्ने देखिन्छ । साथै सडकको संरचनाहरु समेतको चेनेज नलेखेकोले सो संरचनामा खर्च भएको रकम यथार्थ परिमाण मान्न सकिएन ।

१२. **असुली** : गोठालापानी इश्वरीगंगा सडकको ०+००० देखि १+४१० सम्म शहरी विकाश तथा भवन निर्माण डिभिजन कार्यालय, बैतडीले ट्र्याक खोल्ने कार्य गरेकोमा जिल्ला विकास समितिको कार्यालयले १+०२० देखि २+३१० चेनेजमा कार्य गरेको देखाएको छ । दुई कार्यालयले एउटै चेनेज १+०२० देखि १+४१० सम्म ३९० रनिङ मिटरमा दोहोरो देखाई रु.१२ लाख ९० हजा बढी भुक्तानी भएको पाइएकोले प्राविधिक तथा भुक्तानी दिनेलाई जिम्मेवार बनाई उपभोक्ता समितिसंग असुल गर्नुपर्दछ ।

उक्त सडकमा अधिकांश चेनेजमा कडा चट्टान र मध्यम चट्टान देखाएको भएतापनि २ स्थानमा मात्र कडा चट्टान देखिएकोले उक्त नभएको परिमाण नापी गरेको देखाउनेलाई जिम्मेवार बनाई वास्तविक परिमाणको मात्र भुक्तानी गर्नुपर्दछ ।

१३. **छेला दुर्गाभवानी सडक** : यस सडकको स्थलगत रुपमा अनुगमन गर्दा ४०० रनिङ मिटरको कार्य भएको पाइएन र अनुगमनको बेला मेसिनद्वारा माटो काट्ने काम भैरहेको समेत देखियो । अतः कार्य नै नगरी बढी कार्य गरेको देखाउने प्राविधिक र भुक्तानी दिनेलाई जिम्मेवार बनाई रु.१२ लाख ३३ हजार असुल गर्नुपर्दछ ।

विभिन्न चेनेजमा कडा चट्टान र मध्यम चट्टान देखाएको भएतापनि तोकिएको चेनेजमा चट्टान नभएको पाइएकोले वास्तविक परिमाण मात्र भुक्तानी हुनुपर्दछ ।

१४. **काम नभएको** : सदरमुकाम पंचेश्वर सडकको स्थलगत अनुगमन गर्दा चेनेजको ०+००० प्वाइन्ट कुन स्थानबाट सुरु भएको उल्लेख गरिएको छैन । प्राविधिकले देखाएको स्थानबाट नापी गर्दा १००

रनिङ्ग मिटरको कार्य नभएको पाइयो । अतः उक्त कार्य गर्ने प्राविधिक र भुक्तानी दिनेलाई जिम्मेवार बनाई उक्त रकम रु. १२ लाख ५५ हजार उपभोक्ता समितिबाट असुल गर्नुपर्दछ ।

१५. **दोहोरो भुक्तानी** : मालिकाखान बोहोरी गाँउ सडकको दुई उपभोक्ता समिति मार्फत काम गराएकोमा सडकको चेनेज को ३+३०० देखि ७+२०० सम्म पहिलो उपभोक्ता समितिले र दोस्रोले २+६०० देखि ५+८०० सम्म काम गरेको देखाइ खर्च लेखेको छ । यसरी दुई उपभोक्ता समितिले ३+३०० देखि ६+२०० चेनेजमा काम गरेको देखिएकोले दोहोरो कार्य हुन जाने देखियो । अतः प्राविधिक द्वारा पुष्ट्याई हुनुपर्ने अन्यथा दोहोरो परेको कार्यको रु.४ लाख असुल गर्नुपर्दछ ।

१६. **बढी भुक्तानी** : विभिन्न १० उपभोक्ता समितिले पेश गरेको विल भर्पाई भन्दा रु.२० लाख ३१ हजार बढी भुक्तानी गरेको छ । पेश भएका विल भर्पाई पनि अनुमोदन भएको नदेखिएकोले बढी खर्च लेखेको रकम सम्बन्धित समितिका पदाधिकारिहरुबाट असुल हुनुपर्दछ ।

१७. **पूर्वनिर्धारित क्षतिपूर्ति** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १२९ बमोजिम समयमा कार्य सम्पन्न नगर्ने ५ निर्माण व्यवसायी तथा आपूर्तिकर्तालाई पूर्वनिधारित क्षतिपूर्ति लिंदा ठेक्का रकमको प्रतिदिन ०.०५ प्रतिशतले हर्जाना लिनुपर्नेमा नलिएको रु.९०,९४,६७५।६३ सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्दछ ।

१८. **सम्झौता कार्यान्वयन** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ११९ सम्झौता कार्यान्वयन सम्बन्धी व्यवस्था रहेको छ । लागत अनुमानको तुलनामा स्वीलेक कुवाकोट भटना सडकमा २९.८ प्रतिशत र दुधिलाखान गाजरी सडकमा ३९.५ प्रतिशत न्यून कार्य गर्ने दुई निर्माण व्यवसायीलाई कुनै कारबाही गरेको छैन । अतः उक्त बाँकी काम हर्जाना लिएर कार्य गराउनु पर्ने अन्यथा निर्माण व्यवसासीलाई नियमानुसार कारबाही चलाउनु पर्दछ। साथै दुधिलाखान गाजरी सडकमा लागत अनुमान नगरेको चेनेजमा २९७ घन मिटर काम गरेको देखाएको नियमसंगत देखिएन ।

१९. **एकमुष्ठ नापी** : दुई योजनामा विस्तृत नापी नगरी एकमुष्ठ देखाएको छ । यसरी एकैपटक नापी देखाएकोले वास्तविक नापी भएको मान्न सकिएन ।

२०. **कन्टिन्जेन्सी** : यस वर्ष कार्यालयले रु.२८ लाख ८२ हजार कन्टिन्जेन्सी खर्च लेखेकोमा स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधिमा व्यवस्था भए बमोजिम आयोजना व्यव्स्थापन खर्च (कन्टिन्जेन्सी) खर्च सम्बन्धि छुट्याएको रकमको कार्ययोजना स्थानीय निकायको परिषदबाट स्वीकृत गराई स्वीकृत शीर्षकको अधिनमा रही कार्यविधिमा व्यवस्था भए बमोजिम तोकिएका क्रियाकलापमा मात्र खर्च गर्न सकिने भनी उल्लेख गरिएकोमा कार्यालयले कन्टिन्जेन्सी वापत छुट्याएको रकमको कार्ययोजना नवनाई विभिन्न शिर्षकहरुमा खर्च गरेको पाइयो । कार्यविधिले तोकेको विधि र प्रक्रियाबमोजिम कन्टेन्जेन्सि खर्च सम्वन्धि कार्ययोजना परिषद्वाट पारित गराई तोकिएका क्रियाकलापमा मात्र खर्च गर्नुपर्ने देखिन्छ ।

विभिन्न ४ बजेट शीर्षकमा कुल पूँजिगत खर्चलाई आधार नमानिकन विनियोजित भएको पूँजीगत रकम पुरै खर्च गर्न नसकेको अवस्थामा समेत तोकिएको प्रतिशत भन्दा रु.३,१६,१३८ वढि कन्टिन्जेन्सी रकम ट्रान्सफर गरी खर्च गरेको छ ।

२१. **विज्ञापन खर्च** : एक राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरे वापत रु.१,८१,८५० खर्च लेखेकोमा सूचना प्रकाशन गर्न दिएको पत्र समावेश छैन । साथै कति पटक प्रकाशन गरेको बिलबाट खुलेन । एक विज्ञापन कम्पनीको रु. १,२९,९५० र कर रु.८,५०० समेत रु.१,३८,४५० खर्च लेखेकोमा के सूचना हो सो नखुलेको, सूचना प्रकाशन गर्ने आदेश समावेश नभएको र सूचना प्रकाशित पत्रिका समेत नराखेकोले उक्त खर्च रकम वास्तविक मान्न सकिएन । एक एफ.एमबाट विज्ञापन गरेको विवरण र विज्ञापन गर्ने आदेश समावेश नगरी एक व्यक्तिलाई रु.५३,३४० भुक्तानी दिएको अनियमित देखिएको छ ।

२२. **होर्डिङ्ग बोड खर्च** : होर्डिगं बोर्ड बनाएबापत एक फर्मको नाममा खर्च लेखेको रु.१५०,००० कुन कुन योजनाको लागी होर्डिगं बोर्ड बनाएको नखुलेको साथै स्थलगत अनुगमन गर्दा कुनै योजनामा होर्डिगं बोर्ड नदेखिएकोले रु.१ लाख ५० हजारको खर्चको यर्थाथता यकिन गर्न सकिएन ।

२३. **सर्भे खर्च** : यस वर्ष कार्यालयले विभिन्न सडकहरुको सर्भे वापत रु. २४,११,९३३ खर्च लेखेको छ । अधिकांश योजनाको सर्भे बिना नै काम सम्पन्न भएपछि आर्थिक वर्षको अन्त्यमा सर्भे रिपोर्ट पेश गरेको छ । साथै सर्भेको बिल भपाई समेत पेश नगरेको र कर कट्टी समेत गरेको छैन ।

२४. **डोर हाजिरी** : डोर हाजिरी नियन्त्रण खाता बेगर डोर हाजिरीमा खर्च लेखेको छ । कतिपय योजनामा कम काम भएको, फरक प्रकारको काम गरेको अवस्थामा समेत सुपरभाइजरले कुनै कार्य गरेको देखिएन । आर्थिक वर्षको अन्तमा डोर हाजिरी समावेश गरी रु.९ लाख ५६ हजार खर्च लेखेको अनियमित देखिएको छ ।

२५. **खर्चको प्रयोजन नखुलेको** : कार्यालयले गाडी भाडा वापत खर्च लेखेको रु.४ लाख ६३ हजार, फोटोकपी खर्च रु.३ लाख ४ हजारको खर्चको प्रयोजन खुलेको छैन । यसरी भएको खर्च वास्तविक मान्न सकिएन । प्रयोजन खुलाई खर्च गर्ने एवं खर्चमा मितव्यीता ल्याउनु पर्दछ ।

२६. **फरक शीर्षक खर्च** : एक स्टेशनरी कम्पनीलाई कार्यालय समान मालपोत ठेलि र लगत रजिष्टर छपाई वापत रु ९५ हजार भुक्तानी गरिएकोमा उक्त खर्च गा.वि.स. कन्टिन्जेन्सी शीर्षकवाट खर्च जनाउनु पर्नेमा जिविस अनूदान चालु शीर्षकवाट खर्च लेखेको छ ।

२७. **मूल्य अभिवृद्धि करमा दर्ता नभएकोसंग खरिद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ बमोजिम ५ हजार रुपैया भन्दा बढी रकमको मालसमान खरिद गर्दा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेकासंग खरिद गर्नुपर्ने व्यवस्था रहेकोमा विभिन्न उपभोक्ता समितिहरुले कार्यालयमा पेश गरेका विल आन्तरिक राजश्व कार्यालयवाट स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेकासंग खरिद नगरि उक्त समितिहरुको फरफारक गरि भुक्तानी दिएको रकम रु.७ लाख २८ हजार नियमित देखिएन ।

२८. **बढी मूल्याङ्कन तथा खर्च** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १५५ (५) ध अनुसार उपभोक्ता समितिले गरेको निर्माण कार्यको मूल्याङ्कन र नापी किताबको आधारमा किस्ता भुक्तानी दिने तथा अन्तिम कार्य सम्पन्न फाराम र नापी किताबका आधारमा अन्तिम किस्ता भुक्तानी दिने ब्यवस्था रहेकोमा विभिन्न ४ उपभोक्ता समितिहरुलाई प्राविधिक मूल्याङ्कन र कार्य सम्पन्न प्रतिवेदन अनुसार  बढी भुक्तानी भएको रु.४ लाख ५७ हजार असुल हुनुपर्दछ ।

त्यस्तै विभिन्न १० सडक र खानेपानी योजनामा बढी खर्च लेखेको रु. १३,०९,१४३।९४ असुल गर्नुपर्दछ ।

२९. **कार्यसम्पादन प्रतिवेदन** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ को ५ध अनुसार उपभोक्ता समितिले गरेको निर्माण कार्यको मूल्याङ्कन र नापी किताबको आधारमा किस्ता भुक्तानी दिने तथा अन्तिम कार्य सम्पन्न फाराम र नापी किताबका आधारमा अन्तिम किस्ता भुक्तानी दिने व्यवस्था रहेकोमा निर्माण कार्यको कार्यसम्पादन प्रतिवेदन फाराम विना नै एक उपभोक्ता समितिलाई रु.२ लाख ८९ हजार भुक्तानी भएको देखिएकोले कार्यसम्पादन प्रतिवेदन फाराम संलग्न गर्नुपर्दछ ।

३०. **बिल बेगर भुक्तानी** : एक सडक निर्माण कार्यको जिम्मा पाएको एक निर्माण सेवालाई उक्त सडकको निर्माण कार्य गरे वापत ठेक्का सम्बन्धी बिल बेगर प्रथम रनिङ बिल रु.६ लाख ८२ हजार भुक्तानी गरिएकोले नियमित देखिएन ।

३१. **कर बीजकः** दुई निर्माण सेवालाई सडक निर्माण कार्य गरे वापत सक्कल कर विजक वेगर भुक्तानी भएको रु.४ लाख को कर समायोजन पत्र पेश गर्नुपर्दछ ।

३२. **वार्षिक कार्यक्रम** : वार्षिक कार्यक्रममा समावेश नभएको र कार्यक्रम स्वीकृत नगरी विभिन्न ६ कार्यक्रममा गरेको खर्च रु. ५ लाख ४४ हजार नियमित देखिएन ।

३३. **मालपोत दस्तुर** : मालपोत रजिष्ट्रेसनबाट कार्यालयले १४,६५,७०५ प्राप्त गरेकोमा उक्त रकम २०७३ माघ सम्मको मात्र प्राप्त भएको जानकारी छ । बाँकी महिनाको नियमानुसार पाउनु पर्ने आम्दानी लिने तर्फ पहल गर्नुपर्ने देखिन्छ ।

३४. **आन्तरिक आय** : वनजन्य निकासीतर्फ मूल्य अभिवृद्धि कर बाहेक ६,५०,१०० कबोल गरेको एक व्यक्तिसंग ४।४ महिनाको अवधिमा ३ किस्तामा भुक्तानी लिनुपर्ने सम्झौता भएकोमा निजसंग अन्तिम ४ महिनाको मात्र बैंक ग्यारेन्टी लिएको छ । महाकाली नदीको मौरा बगर क्षेत्रमा ढुंगा, गिट्टी, बालुवाको ठेक्का लगाएकोमा सो को वातावरणीय मूल्याङ्कन पेश हुन आएन । एक व्यक्तिसंग सो ठेक्का सम्झौता मूल्य अभिवृद्धि कर सहित रु.४,८१,३८० मा भएकोमा निजसंग बैंक ग्यारेन्टी लिइएको छैन ।

३५. **ठेक्का** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २१५ र २१८ एवं स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २०७ मा जिल्ला विकास समितिको आम्दानी सम्बन्धी व्यवस्था छ । यस वर्ष प्रथम पटक २०७२।२।२५ मा सूचना प्रकाशित भएकोमा २ ठेक्कामा विभिन्न कारण सम्झौता हुन नसकेकोमा पुनः सिलवन्दी बोलपत्र आव्हान गरेको पाइएन ।

३६. **असुल बाँकी** : कार्यालयले विभिन्न २७ व्यवसायीबाट ठेक्का तथा कर दस्तुर सेवा शुल्क वापत गत वर्षसम्म रु.१६ लाख ६२ हजार असुल गर्न बाँकी देखाएकोमा यस वर्ष असुलीमा कुनै प्रगति भएको छैन । सो रकम प्राप्त गर्न कार्यालयले पहल गर्नुपर्दछ ।

३७. **धरौटी** : गत वर्षको जिम्मेवारी रु.२८,८७,२४६।– र यो वर्षको आम्दानी रु.११,६९,६५९।– समेत जम्मा रु.४०,५६,९०५।– आम्दानी भएकोमा रु.२४,३३,९७४।– खर्च भई रु.१६,२२,९३१।– बाँकी देखिएको छ । कार्यालयको धरौटीतर्फको बैंक खातामा रु.१७,३९,८९०।– मौज्दात भएकोले श्रेस्तामा भन्दा बैंकमा बढी भएको रु.१,३३,९५९।– सम्बन्धमा रकम यकिन गरी आम्दानी बाध्नुपर्दछ ।

## स्थानीय विकास कोषको सचिवालय

१. **आन्तरिक नियन्त्रण प्रणाली :** कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्था सम्वन्धमा जिन्सी खातामा रहेका कतिपय सामानको मूल्य नखुलाई आम्दानी बाँधेको, निरीक्षण पुस्तिकामा भएको व्यहोरा माथि कारबाही नगरेको, कार्यालयले उद्देश्य प्राप्तीमा आई पर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **कोष लगानी :** स्थानीय विकास कोषबाट भएको कुल लगानी रु.३,७६,१९,३३५ मा भाखा नाघेको रु.६४,१०,०१६ रहेको पाइयो । त्यसैगरी सावा रकम रु.१,८५,०४,७३५ र व्याज रकम रु.१,११,५०,६०४ असुल गर्नुपर्दछ ।

३. **मूल्य अभिवृद्धि कर :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ मा रु. ५ हजार भन्दा बढी खरिद गर्दा मू.अ.करमा दर्ता भएकासंग मात्र खरिद गर्नुपर्ने व्यवस्था भएकोमा कोषले मूल्य अभिवृद्धि करमा दर्ता नभएका ५ फर्मसंग रु.३१,५१६ को खरिद गरेकाले नियम संगत भएको पाइएन । अत: ऐनमा तोकिएको व्यवस्थाको पूर्ण परिपालना गर्नेतर्फ ध्यान दिनु पर्दछ ।

## जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालय

१. **अख्तियारी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ (२) वमोजिम स्वीकृत बार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी समयमै पठाउनुपर्नेमा विभागले रु.३ करोड ५४ लाख को अख्तियारी २०७३ असारमा पठाएको देखिन्छ । समयमा अख्तियारी नपठाउँदा तोकिएको समयमा कार्यक्रम सञ्चालन नहुने तथा सेवा प्रवाहमा असर पर्ने हुँदा विभागसँग समन्वय गरी समयमै अख्तियारी प्राप्त गर्नुपर्दछ ।

२. **लागत अनुमान भन्दा फरक :** जोखिमयुक्त सदरमुकाम वचावट कार्यक्रम अन्तर्गत विभिन्न कार्यहरुको लागत अनुमान र ड्रङग अनुसार स्ट्रकचर बनाउनु पर्नेमा स्ट्रकचरलाई चाहिने भन्दा बढी परिमाण देखाई बढी खर्च लेखेकोमा प्राविधिक पुष्ट्याई नगरेको साथै ड्रङग डिजाइन भन्दा फरक कार्य गरेको पाइएकोले प्राविधिक पुष्ट्याई गर्नुपर्ने अन्यथा उक्त रकम रु.१३ लाख ८८ हजार असुल गर्नुपर्दछ ।

३. **बीमा :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा दश लाख रुपैया भन्दा बढीको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माणस्थल सुम्पिएको मिति देखि निर्माण सामग्री, मेसिनरी उपकरण लगायत निर्माण कार्यको त्रुटि सच्याउने दायित्वको अवधिमा आफ्नो दायित्व पालना गर्ने क्रममा भएको हानी नोक्सानी समेतको बीमा गराउनुपर्ने व्यवस्था छ । रु.१० लाखभन्दा बढीको निर्माण कार्य गर्दा बीमाको व्यवस्था गर्नु पर्नेमा बीमा गरेको पाइएन । कानुन बमोजिमको कार्य नगर्नेलाई जिम्मेवार बनाउनुपर्दछ ।

४. **एज बिल्ट नक्सा :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा निर्माण कार्य सम्पन्न भए पश्चात् निर्माण व्यवसायीले निर्माण भएबमोजिम एज बिल्ट नक्सा पेश गर्नुपर्ने व्यवस्था भएको यस वर्ष सम्पन्न भएका योजनाको अन्तिम रनिङ बिलसंग सो समावेश भएको पाइएन ।

५. **बढी भुक्तानी :** एक उपभोक्ता समितिलाई लागत अनुमानको दर भन्दा रु.१५,४४५ बढी भुक्तानी भएकोले उपभोक्ता समितिबाट असुल गर्नुपर्दछ ।

६. **अग्रीम कर कट्टी :** यस वर्ष १० उपभोक्ता समितिलाई भुक्तानी दिंदा आयकर ऐन, २०५८ बमोजिम १.५ प्रतिशत अग्रीम कर कट्टी नगरेकोले सो वापत हुन आउने रु.३२,३३१ असुल गर्नेपर्दछ ।

७. **आकस्मिक कार्य :** कार्यालयले रु.१२ लाख ७२ हजारको आकस्मिक कार्य गराएकोमा सोको विभागीय सहमति लिएको पाइएन ।

८. **बढी भुक्तानी :** कार्यालयले ३ उपभोक्ता समुहलाई निर्माण कार्यको बिलभन्दा बढी रु. ५५ हजार भुक्तानी भएको पाईएकोले उपभोक्ता समुहहरुबाट असुल हुनुपर्दछ ।

## सिँचाइ विकास डिभिजन कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली :** कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्था सम्बन्धमा मूल्य नखुलेका सामानको मूल्य कायम नगरी आम्दानी बाँधेको र रसिद नियन्त्रण खाता नराखेको जस्ता व्यहोरा देखिएका छन् । ऐन नियममा तोकिएका व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **पेश्की बाँकी :** ४ निर्माण व्यवसायीलाई दिइएको पेश्की रु.४० लाख ९५ हजार लेखापरीक्षण अवधि सम्म पनि फछ्र्यौट गरेको प्रमाण पेस नभएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(५) र (६) बमोजिम असुल फछ्र्यौट गर्नुपर्दछ ।

३. **अख्तियारी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ (२) वमोजिम स्वीकृत बार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी समयमै पठाउनुपर्नेमा सिँचाइ विभागले रु.९४ लाख २१ हजारको अख्तियारी २०७३ असारमा पठाएको देखिन्छ । समयमा अख्तियारी नपठाउँदा तोकिएको समयमा कार्यक्रम सञ्चालन नहुने तथा सेवा प्रवाहमा असर पर्ने हुँदा विभागसंग समन्वय गरी समयमै अख्तियारी प्राप्त गर्नुपर्दछ ।

४. **खर्च संरचना :** स्वीकृत वार्षिक कार्यक्रमबमोजिम तोकिएको चौमासिकमा कार्यक्रम सञ्चालन गर्नुपर्नेमा पूँजीगत खर्चतर्फ तेस्रो चौमासिकमा ८८.४३ प्रतिशत र सो मध्ये आषाढ महिनामा मात्र ६०.२१ प्रतिशत खर्च गरेको छ । तोकिएका कार्यक्रम समयमा सम्पन्न गर्नुपर्दछ ।

५. **बीमा :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ बमोजिम विभिन्न ३ योजनामा बीमा गरेकोमा लागत अनुमान तयार गर्दा निर्माण कार्य, तेस्रो पक्ष तथा कामदार घटनाको लागत अनुमानको ०.१५ प्रतिशतको दरले तयार गरेको भए तापनि कामदार घटनाको मात्र बीमा गरेर पूरै रकम खर्च लेखेको पाइएकोले निर्माण कार्य र तेस्रो पक्षको बीमा खर्च लेखेको रु.५७,८५० ।– निर्माण व्यवसायी संग असुल गर्नुपर्दछ ।

६. **लागत अनुमान भन्दा फरक कार्य :** यस वर्ष ३ योजनामा लागत अनुमानमा नतोकेको र पटक पटक चेनेजहरुमा कार्य गरेको देखाई रु.२५ लाख ८४ हजार भुक्तानी गरेको छ । लागत अनुमान भन्दा थप तथा पटक पटक एकै स्थानमा काम गर्नु पर्नाको प्राविधिक रिपोर्ट तथा पुष्ट्याई वेगर गरेको खर्च यर्थाथ मान्न सकिएन ।

७. **एज बिल्ट नक्सा** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा निर्माण कार्य सम्पन्न भए पश्चात् निर्माण व्यवसायीले निर्माण भएबमोजिम एज बिल्ट नक्सा पेश गर्नुपर्ने व्यवस्था भए तापनि सम्पन्न कुनै पनि योजनामा पेश गरेको छैन ।

८. **नापी** : कार्यालयले विभिन्न ३ योजनाको नापी गर्दा विस्तृत रुपमा नगरी एकमुष्ठ परिमाण नापी किताबमा उल्लेख गरेको छ । अतः विस्तृत रुपमा नापी गरी वास्तविक कार्यको मात्र भुक्तानी दिनुपर्दछ ।

९. **दोहोरो भुक्तानी** : २ योजनामा निर्माण व्यवसायी र उपभोक्ता समितिबाट कार्य गराँउदा एउटै चेनेजमा निर्माण व्यवसायी र उपभोक्ता समितिबाट कार्य गरेको देखाई दोहोरो भुक्तानी लेखेको रु. ७६,२१६ असुल गर्नुपर्दछ । यस्तो कार्य गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

१०. **अधुरो योजना** : एक स्टील ट्रस पुल बनाउन २०७०।७१ मा ठेक्काको कार्य भएकोमा नापी किताब, बिल भर्पाई, सम्बन्धित कागजात लेखापरीक्षणको क्रममा पेश भएन । निर्माण व्यवसायीले २०७२।१२।१० मा ठेक्का समाप्त गर्न दिएको निवेदन मात्र रहेको तर साइटमा ट्रस पुल भाँचिएको देखियो । कार्यालयले ठेक्का समाप्त गरेको प्रमाण पेश गरेको छैन ।

११. **बढी परिमाण** : कार्यालयले यस वर्ष ६ योजनामा स्वीकृत लागत अनुमान भन्दा फरक परिमाण कार्य गरेको देखाएकोमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ बमोजिम भेरिएसन स्वीकृत गरेको देखिएन साथै प्राविधिक पुष्ट्याई बेगर रु.२६ लाख ९ हजार भुक्तानी दिएको नियमसम्मत देखिएन ।

१२. **धरौटी फिर्ता** : कार्यालयले २ व्यवसायीको रु.२ लाख ५८ हजार मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण बेगर फिर्ता गरेको छ ।

## जिल्ला स्वास्थ्य कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्था सम्बन्धमा वार्षिक खरिद योजना तयार नगरेको, मर्मत अभिलेख नराखेको, बेरुजु लगत नराखेको, जोखिम रजिष्टर नराखेको, रसिद नियन्त्रण खाता नराखेको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **दरबन्दी तथा पदपूर्ति** : कार्यालय एवं अन्तर्गतका ६६ स्वास्थ्य चौकी र २ प्राथमिक स्वास्थ्य केन्द्रको लागि ४४० कर्मचारीको दरबन्दी रहेकोमा २८२ मात्र पूर्ति भएको देखिन्छ । महत्वपूर्ण स्वास्थ्य प्राविधिक पदहरु पनि लामो समयदेखि रिक्त रहँदा कार्यालयले प्रदान गर्नुपर्ने सेवा तथा सञ्चालित कार्यक्रमहरु प्रभावित हुने स्थिति रहेको छ ।

३. **तलबी प्रतिवेदन** : निजामती सेवा ऐन, २०४९ तथा स्वास्थ्य सेवा ऐन, २०५३ अनुसार तलबी प्रतिवेदन पास गराएर मात्र तलब खर्च लेख्नुपर्नेमा कार्यालयले यो वर्ष तलबी प्रतिवेदन पास नगरी रु.१०,२०,२९,९७०।– तलब भुक्तानी गरेको छ ।

४. **चौमासिक खर्च** : कार्यालयले यो वर्ष १ पूँजीगत बजेट उपशीर्षकमा रु.३८ लाख ९० हजार खर्च गरेकोमा प्रथम चौमासिकमा शून्य प्रतिशत, दोस्रो चौमासिकमा ४०.६४ प्रतिशत र तेस्रो चौमासकमा ५९.३६ प्रतिशत खर्च गरेको छ ।

५. **नि:शुल्क औषधिको लोगो :** नि:शुल्क स्वास्थ्य सेवा कार्यक्रम निर्देशिकामा सप्लाई हुने औषधि तथा अन्य सामानहरुको प्रत्येक प्याकिंगको बाहिर नेपाल सरकारबाट नि:शुल्क वितरणको लागि भन्ने बाक्यांश राख्नुपर्ने व्यवस्था छ । तर कार्यालयको भण्डार निरीक्षणको क्रममा ३० औषधिहरुको प्याकिंगमा सो व्यहोरा उल्लेख गरेका पाइएन ।

६. **औषधि हस्तान्तरण :** कार्यालयले विभिन्न स्वास्थ्य संस्थाहरुलाई औषधि हस्तान्तरण गरी पठाँउदा मूल्य खुलाई पठाउनुपर्ने, समयमा नै सम्बन्धित स्वास्थ्य संस्थामा दाखिला गरी दाखिला रिर्पोट प्राप्त गर्नुपर्नेमा सो बमोजिम भएको पाइएन । कार्यालयले हस्तान्तरण फाराम र दाखिला रिपोर्टमा समेत मूल्य खुलाई हस्तान्तरण फाराम व्यवस्थित र अद्यावधिक गरी राख्नुपर्ने देखिन्छ । दाखिला नम्बर र मिति खुलाई औषधि प्राप्त मितिले ७ दिन भित्र औषधिको दाखिला गर्नेतर्फ ध्यान हुनुपर्दछ ।

७. **जिम्मेवारी सारेको :** कार्यालयले स्टकमा रहेको औषधिहरुको २०७१।७२ को अन्तिम मौज्दात र २०७२।७३ को सुरु मौज्दात सारेको फरक परेको छ जस्ले गर्दा उक्त जिन्सी सामान नसारेको देखाएकोले उक्त औषधि २०७३।७४ मा जिम्मेवारी सार्नुपर्दछ ।

८. **औषधि खरीद :** एक आपूर्तिकर्ताले निम्न बमोजिम औषधि खरिद ठेक्कामा लागत अनुमान भन्दा निकै कम मूल्य कबोल गरेकोमा औषधि सप्लाई गरेको छैन ।

| क्र.सं. | सामानको नाम | परिमाण (प्याकेट) | ल.इ. रकम (रु.) | कबोल रकम (रु.) |
|---|---|---|---|---|
| १ | क्लोऱ्यामफेनिकोल | ४००० | १.६८ | ०.०१ |
| २ | चारकोल पाउडर | २०० | ६५.८० | १.९८ |

सम्झौता अनुसार कार्य नगर्नेलाई जिम्मेवार बनाउनु पर्दछ ।

९. **कर कट्टी रकम दाखिला :** कृषि तथा खाद्य सुरक्षा आयोजना अन्तर्गत एक कार्यक्रम सञ्चालनको लागि लिएको पेश्की फछ्र्यौट गर्दा सो कार्यक्रम सञ्चालन भएको बेला विभिन्न कर कट्टी रकम रु.२४ हजार दाखिला भएको प्रमाण पेश गर्नुपर्दछ ।

१०. **रिटेनिङ्ग वाल निर्माण :** एक निर्माण कम्पनीलाई कार्यालय भवन भन्दा पछाडी रिटेनिग वाल निर्माण वापत २०७२।११।१७ मा रु.१ लाख ८८ हजार र २०७२।११।१७ मा रु.५ लाख ६० हजार गरी रु.७ लाख ४८ हजार भुक्तानी भएको छ । स्थलगत अवलोकनबाट गुणस्तरीय काम नभएको तथा विगतमा समेत पहिरो गएको स्थानमा वाल तयार गर्दा कमजोर संरचना निर्माण गरेको पाइयो । अत: प्राविधिकलाई समेत जिम्मेवार बनाई निर्माण व्यवसायीबाट उक्त निर्माण कार्यको पुन:निर्माण गर्नुपर्ने देखियो ।

११. **बढी भुक्तानी :** कार्यालयको एक अ.न.मीले २०७२ माघ १ गते देखि लागु हुने रमाना लिएकोमा २०७३ असारसम्म तलब भत्ता ग्रेड, कर्मचारी संचयकोष, स्थानीय भत्ता, महंगी भत्ता र बीमा समेत रु.१ लाख ४४ हजार बढी भुक्तानी भएकोले सो रकम असुल गर्नुपर्दछ ।

१२. **फरक शीर्षकबाट खर्च :** महिला स्वयंसेविका कार्यक्रमबाट यातायात शीर्षकमा विनियोजित रु.५३ हजारबाट सामग्री खरिद गरिएको र अनुमगन शीर्षकमा सीमा भन्दा रु.१५ हजार बढी खर्च भएको देखिएकोले नर्म्स भन्दा फरक तरिकाले खर्च गरिएको रकम रु.६८ हजार अनियमित देखिएको छ ।

१३. **परिवार नियोजन कार्यक्रम** : यस कार्यक्रम अन्तर्गत कार्यक्रममा २०० लाई परिवार नियोजन गर्न रु.५ लाख १७ हजार खर्च लेखिएकोमा ११० जनालाई मात्र परिवार नियोजन गरेकोमा पनि पूरै बजेट रकम खर्च गरेको अवस्था छ। अतः पुरै रकम खर्च भएकोमा वास्तविकता यकिन गर्नु पर्दछ।

१४. **धरौटी फिर्ता** : कार्यालयले ३ व्यवसायीलाई रु.४३ हजार धरौटी फिर्ता गर्दा मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण बेगर फिर्ता गरेको छ।

## अस्पताल विकास समिति

१. **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्था सम्वन्धमा खरिद गुरुयोजना नबनाएको, जिन्सी खातामा रहेका कतिपय सामानको मूल्य नखुलाई आम्दानी बाँधेको, जिन्सी निरीक्षण प्रतिवेदनको पूर्ण रुपमा कारबाही नगरेको, मर्मत अभिलेख नराखेको, घर जग्गाको लगत नराखेको, कार्यालयको लक्ष्य हासिल गर्न बाधा पुऱ्याउन सक्ने जोखिम पहिचान, विश्लेषण तथा आंकलन गर्ने र समाधानका लागि आवश्यक संयन्त्र वनाउने प्रणाली नभएका जस्ता व्यहोरा देखिएका छन् । ऐन नियममा तोकिएका व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ।

२. **तलबी प्रतिवेदन** : निजामती सेवा ऐन, २०४९ को दफा ७ ख(द्द) तथा स्वास्थ्य सेवा ऐन, २०५३ अनुसार तलबी प्रतिवेदन पास गराएर मात्र तलब खर्च लेख्नुपर्नेमा यो वर्ष तलबी प्रतिवेदन पास नगरी रु.१,०३,९७,२२९।– तलब भुक्तानी गरेको छ।

३. **खर्च भिडान** : विकास समितिले आर्थिक विवरणमा रु.३८,५९,३३२।– खर्च देखाएको छ तर बैंक नगदी किताबको कुल जम्मा खर्च रु.३५,४४,२४६।– रहेको छ । सो फरक रकम रु.३,१५,०८६ मध्ये युनिसेफ शीर्षक तर्फ रु.३ लाख सापटी गएकोमा फिर्ता भएको पाइएन। सापटी र बाँकी रु. १५,०८६।– कम खर्च देखाएकोमा प्रमाण पेश हुनुपर्दछ।

४. **बैंक दाखिला** : अस्पताल विकास समितिले अनुदान बाहेक बिभिन्न सेवा मार्फत आम्दानी गरेकोमा रु.१९ हजारको बैंक दाखिला प्रमाण पेश गर्नुपर्दछ।

## आन्तरिक लेखापरीक्षण

यस जिल्ला अन्तर्गत ३८ कार्यालयको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयबाट सम्पन्न भएको छ। आन्तरिक लेखापरिक्षण प्रतिवेदनअनुसार २५ कार्यालयको बेरुजू नदेखिएको जनाएको छ। यस बर्ष आन्तरिक लेखापरीक्षणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएका २६ मध्ये जिल्ला पशु सेवा कार्यालयको मोविलाइजेशन पेश्की रु.१९,८५,०००।- बेरुजू बाँकी देखिएको छ। आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६ अनुसार आन्तरिक लेखापरीक्षणबाट औल्याएको बेरुजू अन्तिम लेखापरीक्षण अगावै फछ्यौट गर्नुपर्नेमा बाँकी देखिएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ।

**(जीवन प्रसाद सुवेदी)**
**नायब महालेखा परीक्षक**

अनुसूची १

# लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अंक

## लेखापरीक्षण विधिः विस्तृत

(रु लाखमा)

| क्र.स. | कार्यालयको नाम | विनियोजन /निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| १ | जिल्ला कृषि विकास कार्यालय | ५५६ | १ | ३ | २ | ५६२ |
| २ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | १०६६ | ० | ५० | ११ | ११२७ |
| ३ | डिभिजन सडक कार्यालय | २८९८ | ३० | ३४७ | १८४१ | ५११६ |
| ४ | शहरी विकास तथा भवन निर्माण डिभिजन का. | १३७८ | ४३ | ७२ | - | १४९३ |
| ५ | पाटन नयाँ शहर आयोजना | १०३ | - | - | - | १०३ |
| ६ | जिल्ला शिक्षा कार्यालय | १०१६४ | ११८ | २ | ३२ | १०३१६ |
| ७ | जिल्ला विकास समितिको कार्यालय | - | - | - | १३१९४ | १३१९४ |
| ८ | स्थानीय विकास कोषको सचिवालय | - | - | - | ६७ | ६७ |
| ९ | जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन का. | ८८१ | १ | ३९ | - | ९२१ |
| १० | सिँचाई विकास डिभिजन | ८३३ | २ | ४१ | - | ८७६ |
| ११ | जिल्ला स्वास्थ्य कार्यालय | २२०५ | ४ | ४ | ३०३ | २५१६ |
| १२ | अस्पताल विकास समिति | - | - | - | ३१ | ३१ |
| | **जम्मा** | **२,००,८४** | **१,९९** | **५,५८** | **१,५४,८** | **३,६३,२२** |

## लेखापरीक्षण विधिः आन्तरिक लेखापरीक्षण र केन्द्रीय आर्थिक विवरणको आधारमा

(रु लाखमा)

| क्र.स. | कार्यालयको नाम | विनियोज/ निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| १३ | जिल्ला अदालत | १११ | ८ | १ | - | १२० |
| १४ | जिल्ला निर्वाचन कार्यालय | ३४ | - | - | - | ३४ |
| १५ | जिल्ला सरकारी वकिल कार्यालय | ३३ | - | - | - | ३३ |
| १६ | कोष तथा लेखा नियन्त्रक कार्यालय | ५६ | ० | ० | - | ५६ |
| १७ | महाकाली भन्सार कार्यालय झुलाघाट | १०५ | १४४ | ९ | - | २५८ |
| १८ | घरेलु तथा साना उद्योग विकास समिति | ६२ | १८ | ३ | - | ८३ |
| १९ | सुख्खा फलफुल विकास केन्द्र | ९८ | १० | १ | - | १०९ |
| २० | प्लान्ट क्वारेन्टाइन उप चेक पोष्ट | १० | ० | - | - | १० |
| २१ | जिल्ला प्रशासन कार्यालय | १११ | ४५ | १ | ४५ | २०२ |
| २२ | जिल्ला प्रहरी कार्यालय | ११९८ | ९ | २ | - | १२०९ |
| २३ | कारागार कार्यालय | ७० | - | ० | - | ७० |
| २४ | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | ५८ | - | - | - | ५८ |
| २५ | इलाका प्रहरी कार्यालय, पाटन | ३४६ | - | - | - | ३४६ |
| २६ | इलाका प्रशासन कार्यालय, हांट | ८ | - | - | - | ८ |
| २७ | जिल्ला पशु सेवा कार्यालय | १९३ | १ | १ | २४५ | ४४० |
| २८ | जिल्ला मालपोत कार्यालय | २६१ | १३ | २ | ४६ | ३२२ |
| २९ | जिल्ला नापी कार्यालय | ५९ | ३ | ० | | ६२ |
| ३० | शत्रुमर्दन गुल्म | ७०३ | १ | ४ | - | ७०८ |
| ३१ | जिल्ला वन कार्यालय | ३०४ | ७ | ९ | ४० | ३६० |
| ३२ | जिल्ला भू-संरक्षण कार्यालय | ५४३ | ० | | | ५४३ |
| ३३ | महिला तथा बालबालिका विकास कार्यालय | ३४ | - | - | - | ६५ |

| क्र.स. | कार्यालयको नाम | विनियोज/ निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| ३४ | शैक्षिक तालिम केन्द्र | ३४ | - | ० | - | ३४ |
| ३५ | जिल्ला प्राविधिक कार्यालय | १५ | - | - | - | १५ |
| ३६ | डिभिजन सहकारी कार्यालय | ५३ | १ | ० | | ५४ |
| ३७ | जिल्ला हुलाक कार्यालय | ५३४ | ७ | ० | ३२२ | ८६३ |
| ३८ | जिल्ला आयुर्वेद कार्यालय | ६१ | - | ० | - | ६१ |
| | **जम्मा** | **५०,९४** | **२,६७** | **३३** | **७,२९** | **६१,२३** |
| | **कूल जम्मा** | **२,५१,७८** | **४,६६** | **५,९१** | **१,६२,१०** | **४,२४,४५** |

अनुसूची २

# बेरुजूको स्थिति

(रु हजारमा)

| क.स. | कार्यालयको नाम | सूरु बेरुजू | | प्रतिक्रियाबाट फछ्र्यौट र समायोजन | | बाँकी दफा र बेरुजू | | | | | असुली | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा | रकम | दफा | रकम | दफा | असुल गर्नुपर्ने | अनियमित | पेश्की | जम्मा | ले.प.को क्रममा | प्रतिक्रिया बाट | जम्मा |
| १ | जिल्ला कृषि विकास कार्यालय | १९ | १७८६५ | ८ | १२९७२ | ११ | ३४३५ | १४५९ | ० | ४८९३ | - | - | - |
| २ | खानेपानी तथा सरसफाई डि. का. | १६ | ४९०१३ | २ | - | १४ | २४४३० | २४५८३ | ० | ४९०१३ | - | - | - |
| ३ | जिल्ला पशु सेवा कार्यालय | १ | १९८५ | ० | - | १ | ० | ० | १९८५ | १९८५ | - | - | - |
| ४ | डिभिजन सडक कार्यालय | २५ | १८१५१७ | ७ | - | १८ | १६२१२ | ९९३४६ | ६५९५९ | १८१५१७ | - | - | - |
| ५ | शहरी विकास तथा भवन निर्माण डि. | १५ | ४०६८३ | ५ | - | १० | ७६६४ | २५४३ | ३०४७६ | ४०६८३ | - | - | - |
| ६ | पाटन नयाँ सशर आयोजना | १० | १८४६ | ४ | - | ६ | ० | ० | १८४६ | १८४६ | - | - | - |
| ७ | जिल्ला शिक्षा कार्यालय | १६ | १८५३५५ | ६ | - | १० | १०२१ | १८४३३४ | ० | १८५३५५ | - | - | - |
| ८ | जिल्ला विकास समितिको कार्यालय | १०९ | १९५६१४ | ७२ | - | ३७ | ६७३०५ | ८२८०७ | ४५५०२ | १९५६१४ | - | - | - |
| ९ | स्थानीय विकास कोषको सचिवालय | ३ | ११९५१ | ० | - | ३ | ११९५१ | ० | ० | ११९५१ | - | - | - |
| १० | जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन | १३ | १४९० | ५ | - | ८ | १०२ | १३८८ | ० | १४९० | - | - | - |
| ११ | सिँचाई विकास डिभिजन कार्यालय | १५ | ९६८९ | ३ | - | १२ | १३८ | ५४५६ | ४०९५ | ९६८९ | - | - | - |
| १२ | जिल्ला स्वास्थ्य कार्यालय | १८ | १०२७ | ४ | - | १४ | १४४ | ८८३ | ० | १०२७ | - | - | - |
| १३ | अस्पताल विकास समिति | ५ | ३३४ | १ | - | ४ | १९ | ३१५ | ० | ३३४ | - | - | - |
| | **जम्मा** | **२६५** | **६९७५६९** | **११७** | **१२९७२** | **१४८** | **१३१६२१** | **४०३११४** | **१४९८६३** | **६८४५९७** | **-** | **-** | **-** |

*द्रष्टव्य:*
- *बेरुजूको दफा अन्तर्गत सैद्धान्तिक र लगती दुवैको जम्मा संख्या समावेश छ ।*
- *प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएको दफा संख्यामा प्रतिक्रियाबाट फछ्र्यौट एवं समायोजन गरी अनुसूचीमा बाँकी दफा कायम गरिएको छ ।*

अनुसूची - ३

## जिल्ला विकास समितिको एकीकृत आय-व्यय विवरण

| आय | | व्यय | |
|---|---|---|---|
| **गत वर्षको जिम्मेवारी** | **८४५२०३५.६४** | | |
| **नेपाल सरकारको अनुदान चालु तर्फ** | **४८६४४००६५.३१** | **नेपाल सरकारको अनुदान चालु तर्फ** | **४८७३४६७१३.७३** |
| जि.वि.स. अनुदान | ५८३८१९८५.६४ | जि.वि.स. अनुदान | ५८४८५२८१.२६ |
| गा.वि.स. अनुदान | १२७३५७०००.०० | गा.वि.स. अनुदान | १२७३५७०००.०० |
| ग्रामिण खानेपानी कार्यक्रम चालु | ३१३६९६२.०० | ग्रामिण खानेपानी कार्यक्रम चालु | ३१३६९६२.०० |
| ग्रामिण जलश्रोत कार्यक्रम चालु | ९८२१०३२.०० | ग्रामिण जलश्रोत कार्यक्रम चालु | १०११०५७४.८० |
| सामाजिक सुरक्षा कार्यक्रम | २००७६४७४१.०० | सामाजिक सुरक्षा कार्यक्रम | २००७६४७४१.०० |
| स्थानीय निकाय वित्तीय आयोग | ५०४०००.०० | स्थानीय निकाय वित्तीय आयोग | ५०४०००.०० |
| उपेक्षित उत्पीडित दलित वर्ग उत्थान | २७४९२५.०० | उपेक्षित उत्पीडित दलित वर्ग उत्थान | २७४९२५.०० |
| ग्रामिण सामुदायिक पुर्वाधार | १८७४२०७.०० | ग्रामिण सामुदायिक पुर्वाधार | १८७४२०७.०० |
| साना सिँचाई कार्यक्रम | ६२८१२००.०० | साना सिँचाई कार्यक्रम | ६२८१२००.०० |
| गरिवसंग विश्वेश्वर कार्यक्रम | १८३५०००.०० | गरिवसंग विश्वेश्वर कार्यक्रम | १८३५०००.०० |
| निर्वाचन क्षेत्र विकास कार्यक्रम | ३७४५७०६३.०० | निर्वाचन क्षेत्र विकास कार्यक्रम | ३७४५७०६३.०० |
| स्थानीय शासन तथा सामुदायिक वि.का. | २६१८८००२.०० | स्थानीय शासन तथा सामुदायिक वि.का. | २६७०१८१२.०० |
| राष्टिय स्वंय सेवा | २२०५७२.०० | राष्ट्रिय स्वंय सेवा | २२०५७२.०० |
| संचित बिदा | ९१५६००.०० | संचित बिदा | ९१५६००.०० |
| औषधि उपचार खर्च | ३१६३८७.६७ | औषधि उपचार खर्च | ३१६३८७.६७ |
| स्थानीय शान्ति समिति | ४९११४८.०० | स्थानीय शान्ति समिति | ४९११४८.०० |
| संस्कृति, पर्यटन तथा ना. उ. मन्त्रालय | १०६२०२४०.०० | संस्कृति, पर्यटन तथा ना. उ. मन्त्रालय | १०६२०२४०.०० |
| पूँजिगत तर्फ | **१२६६१०३९१.७५** | पूँजिगत तर्फ | **१२६६१०३९१.७५** |
| ग्रामिण खानेपानी कार्यक्रम चालु | ६०७३७१७.०० | ग्रामिण खानेपानी कार्यक्रम चालु | ६०७३७१७.०० |
| ग्रामिण जलश्रोत कार्यक्रम चालु | १४६१९१५५.०० | ग्रामिण जलश्रोत कार्यक्रम चालु | १४६१९१५५.०० |
| ग्रामिण सामुदायिक पुर्वाधार विकास कार्यक्रम | ८७७९३३१.०० | ग्रामिण सामुदायिक पुर्वाधार विकास कार्यक्रम | ८७७९३३१.०० |
| स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम | ३७९८७९०६.७५ | स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम | ३७९८७९०६.७५ |
| झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम | ६६६४९२७.०० | झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम | ६६६४९२७.०० |
| आर्थिक केन्द्र तथा दुई जिल्ला जोड्ने सडकहरु | ५२४८५३५५.०० | आर्थिक केन्द्र तथा दुई जिल्ला जोड्ने सडकहरु | ५२४८५३५५.०० |
| **आन्तरिक तर्फ** | **४८२७७४६२.६६** | **आन्तरिक तर्फ** | **४४०७४८३८.१९** |
| जि.वि.स. कोष चालु | २८६५५००.०० | जि.वि.स. कोष चालु | २८६६३१९.०० |
| आन्तरिक आमदानी | ४४८२२७०.५० | आन्तरिक आमदानी | २८६५५००.०० |
| राजस्व बांडफांड | ११२८३३३.०० | राजस्व बांडफांड | ११२१२४१.०० |
| धरौटी | ११६९६५८.७५ | धरौटी | २४३३९७४.०० |
| कर्मचारी कल्याण कोष | १००००००.०० | कर्मचारी कल्याण कोष | २१३६८२६.०० |
| सडक बोर्ड नेपाल | ११५१८१३.५० | सडक बोर्ड नेपाल | १२११८८४.०० |
| उर्जा चालु खाता | २९४२७६०.०० | उर्जा चालु खाता | ३१४१३५३.०० |
| जिल्ला उर्जा कोष | २२४७२२४.०० | जिल्ला उर्जा कोष | २२५०२८४.०० |
| गा.वि.स. कन्टिनजेन्सी | ७६५१२९.१९ | गा.वि.स. कन्टिनजेन्सी | ७६९१५४.१९ |
| यू.एन.एफ.पी.ए. | ७१२३४४७.०० | यू.एन.एफ.पी.ए. | ७१२३४४७.०० |
| युनिसेफ | २०३२६३३१.७२ | युनिसेफ | १५०९७२२५.०० |
| गरिबी निवारण कार्यक्रम | २०००००.०० | गरिबी निवारण कार्यक्रम | १७५९३७.०० |
| कन्टिनजेन्सी | २८७४९९५.०० | कन्टिनजेन्सी | २८८१६९४.०० |
| | | **बाँकी मौज्दात** | **११७४८०११.६९** |
| **कुल आय** | **६६,९७,७९,९५५.३६** | **कुल व्यय** | **६६,९७,७९,९५५.३६** |

अनुसूची - ४

# जिम्मेवार पदाधिकारीहरुको नामावली

| सि.नं. | कार्यालय | कार्यालय प्रमुख | लेखा प्रमुख |
|---|---|---|---|
| १ | जिल्ला कृषि विकास कार्यालय | श्री कमलेश तिवारी | श्री देव कुमार यादव |
| २ | खानेपानी तथा सरसफाई डिभिजन | श्री चन्द्र कुमार श्रेष्ठ | श्री यादव प्रसाद भट्ट |
| ३ | डिभिजन सडक कार्यालय | श्री राम कुमार देव | श्री विष्णु दत्त भट्ट |
| ४ | शहरी विकास तथा भवन निर्माण डिभिजन | श्री हिमाल के.सी. | श्री चक्रराज भट्ट |
| ५ | पाटन नयाँ शहर आयोजना | श्री हिमाल के.सी. | श्री चक्रराज भट्ट |
| ६ | जिल्ला शिक्षा कार्यालय | श्री लाल सिंह टेर | श्री भुपाल सिंह कार्की |
| ७ | जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन | श्री तेजनारायण महतो | श्री मिन बहादुर चन्द |
| ८ | सिँचाई विकास डिभिजन | श्री कृष्ण प्रसाद डुम्राकोटी | श्री प्रविण कुमार महतो |
| ९ | जिल्ला विकास समितिको कार्यालय | श्री खेमराज विष्ट | श्री मान बहादुर कुंवर |
| १० | स्थानीय विकास कोषको सचिवालय | श्री कृष्ण सिंह कठायत | श्री गणेश दत्त अवस्थी |
| ११ | जिल्ला स्वास्थ्य कार्यालय | श्री गुण राज अवस्थी | श्री बिष्णु दत्त जोशी |
| १२ | अस्पताल विकास समिति | श्री गुण राज अवस्थी | श्री बिष्णु दत्त जोशी |
| १३ | जिल्ला पशु सेवा कार्यालय | श्री हरिदत्त भट्ट | श्री पदम प्रकाश विष्ट |

977-1-4258172, 4255707

977-1-4268309, 4262798

info@oag.gov.np

13328

Kathmandu, Nepal

www.oagnep.gov.np